**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल**

**माननीय न्यायाधीश श्री हरि प्रसाद फुयाल**

**<u>फैसला</u>**

**०७१-CR-०६५९**

मुद्दाः <u>जबरजस्ती करणी</u>।

'घ' कुमारीको जाहेरीले नेपाल सरकार-------------------------------------------------१ } <u>पुनरावेदक</u> वादी

<u>विरुद्ध</u>

जिल्ला बैतडी भुमेश्वर गा.वि.स. वडा नं २ बस्ने खेमराज भट्टको छोरा सागर भट्ट--------------------------------------------------------------------------------------------१

जिल्ला बैतडी गुजर गा.वि.स. वडा नं ३ बस्ने धर्मानन्द अवस्थीको छोरा अमर राज अवस्थी-------------------------------------------------------------------------------------१

} <u>प्रत्यर्थी</u> प्रतिवादी

**शुरुतहमा फैसलागर्ने:** माननीय जिल्ला न्यायाधीश श्री हिमालय राज पाठक
बैतडी जिल्ला अदालत

मितिः २०६९।११।२२

**पुनरावेदन तहमा फैसला गर्ने :** माननीय न्यायाधीश श्री रमेश प्रसाद राजभण्डारी
माननीय न्यायाधीश श्री नर बहादुर शाही
पुनरावेदन अदालत महेन्द्रनगर

**फैसला मिति :-** २०७१।१।१५

न्याय प्रशासन ऐन, २०७३ को दफा ९ बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य खण्ड

१. मिति २०६८।१२।०९ गते एस.एल.सी. परीक्षा दिन भनी पाटनमा आएकी छात्रा "घ" कुमारी (परिवर्तित नाम) लाई पाटन बजारमा पसल गरी बस्ने अमर राज अवस्थी र सागर भट्टले जबरजस्ती करणी गरेकोले निज दुवै जना उपर कडा कारवाही गरी पाउँ भन्ने व्यहोराको श्री शिद्धेश्वर उच्च माध्यामिक विद्यालय मेलचौराका प्रधानाध्यापक लालुराम वि.क. र व्यवस्थापन समिति अध्यक्ष गणेश दत्त भट्टराईको ईलाका प्रहरी कार्यालय पाटनमा परेको संयुक्त निवेदन।

२. मिति २०६८।१२।०९ गतेको दिउँसो १२:०० बजेको समयमा पाटन बजारमा गेस पेपर किन्न गएको अवस्थामा चांदनी डिजिटल फोटो स्टुडियोका संचालक अमर राज अवस्थी र सागर भट्टले मलाई जिस्क्याउनका साथै केही समय पछि सम्बन्धित फोटो स्टुडियोमा विभिन्न किसिमका औषधी सुईको प्रयोग गरी मलाई अचेत अवस्थामा पारी सामुहिकरुपले करणी गरेकाले निजहरुलाई कानूनी कारवाही गरी पाउँ भन्ने व्यहोराको मिति २०६८।१२।१० गतेको पीडित "घ" कुमारीले जिल्ला प्रहरी कार्यालय बैतडीमा दिएको जाहेरी दरखास्त ।

३. यसमा जिल्ला बैतडी पाटन गा.वि.स. वडा नं ९ स्थित पूर्वमा श्रीकृष्ण उ.मा.वि जाने पक्की सडक, पश्चिम गोईडा खोला, उत्तरमा टेक सिंह रावलको पक्की घर, दक्षिणमा समेत उ.मा.वि जाने बाटो यति चार किल्ला भित्र सागर भट्टको जगन्नाथ स्टोर, सोही स्टोर पसलमा मिति २०६८।१२।०९ गते सागर भट्ट समेतले "घ" कुमारी लाई बोलाई जबरजस्ती करणी गरेको भनी देखाईएको घटनास्थल हेर्दा घटनासँग सम्वन्धित सबुत प्रमाण फेला नपरेको चार किल्ला सहितको घटनास्थल ठीक छ। सोही पसलको अगाडी पक्की सडक भई पूर्व पट्टी दक्षिणमा रामदत्त जोशीको पसल, उत्तर दिपक भट्टको पसल, पश्चिम बजार देखि पाटन क्याम्पस जाने पक्की सडक, पूर्व पेरेनियल ईनर्जीको कार्यालय यति चार किल्ला भित्र गणेश भट्टको तिन तल्ले पक्की घरको भुई तलामा चाँदनी फोटो स्टुडीयो रहेको सो भित्र एउटा कोठा र बाहिर अर्को कोठा रहेको, बाहिर कोठामा कम्प्युटर लगायत श्रृंगारका सामानहरु रहेको भित्र कोठामा सुत्ने खटीया समेत रहेको अन्य घटनासँग सम्बन्धित कुनै सबुत प्रमाण फेला नपरेको ठीक छ भन्ने मिति २०६८।१२।११ को घटनास्थल मुचुल्का।

४. पीडित तथा प्रतिवादीहरुलाई स्वास्थ्य परीक्षण गराउन पठाएको मिति २०६८।१२।१० गतेको च.नं. २८९७ र २८९८ को पत्र।

५. पीडितले घटना हुँदा लगाएको कपडाहरु निज बस्ने गरेको घरबाट बरामद गरिएको भन्ने मिति २०६८।१२।११ गतेको बरामदी मुचुल्का।

६. Bruise below left eye, On right arm in medial aspect 2 bruises of 1.5 cm ×1.5 cm (बाँया आँखा मुनी र पाखुरामा निलडाम), On P \ v Examination —whitish discharge was noted in and around the introitus, two fingers were easily inserted inside the vagina, भन्ने समेत व्यहोराको जिल्ला स्वास्थ्य कार्यालय बैतडीले पठाएको मिति २०६८।१२।१० को पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन ।

७. प्रतिवादी सागर भट्ट र अमर राज अवस्थीले मलाई सामुहिक बलात्कार गरेका हुन् भन्ने व्यहोराको मिति २०६८।१२।१३ गते पीडित "घ" कुमारीले महिला तथा बालबालिका कार्यालय पाटन बैतडीमा दिएको निवेदन सो कार्यालयको च.नं. ८९ को पत्र साथ जिल्ला प्रहरी कार्यालय, बैतडीमा प्राप्त भएको।

८. मिति २०६८।१२।०९ गतेको बारदातको समयमा पीडितले लगाएका कपडा तथा प्रतिवादीहरुको रक्त समुहको मेडिकल रिपोर्ट केन्द्रिय प्रहरी विधि विज्ञान प्रयोगशाला महाराजगंज काठमाडौंबाट प्राप्त भएको।

९. मिति २०६८।१२।०९ गते एस्.एल्.सी. परीक्षा दिन पाटन आएकी छात्रा "घ" कुमारीलाई प्रतिवादी सागर भट्ट र अमर राज अवस्थीले पाटन बजारमा चियामा नसालु पदार्थ मिलाएर फकाई फुलाई सेवन गर्न लगाई सामुहिक बलात्कार गरेको जघन्य अपराधमा निज प्रतिवादी उपर कडा कारवाही हुन भनी श्री कैलपाल विकास तथा संरक्षण समाज नेपालले सम्मानित प्रधानमन्त्रीज्यूलाई लेखी जिल्ला प्रहरी कार्यालय बैतडीलाई समेत बोधार्थ दिएको पत्र।

१०. पीडित"घ" कुमारी मेरो काकाको छोरी बहिनी नाता पर्ने र निज मेरो घरमा बसेर परीक्षा दिइरहेकी थिइन् । मिति २०६८।१२।०९ गते साँझ १९ बजेतिर मेरो मोबाईल चलाएर कोठामा बसिरहेकी थिईन्। मैले मोबाईल लिएर किताब पढ् भनी खाना बनाउन लागें र निजले आधा रोटी मात्र खाइन्। यो मोबाईलबाट मलाई कसैले जिस्काईरहेको छ भनेर भन्दै थिईन् तर मैले फोन लिएपछी कसैले फोन गरेन। त्यसपछि निज पीडितले असामान्य हर्कत गर्न थालीन् र बाहिर आएर सुतीन् । अनि मैले अन्य वरपरका मानिसहरुलाई समेत बोलाई निजलाई भित्र राखी झारफुक समेत गर्न लगाए र भित्र तोडफोड गर्न थालेपछी निजको हात बाँधेर राखेपछी बिहान मात्र खोलेका हौं। उक्त वारदात मेरो घरमा घटेको होईन बरु ऐ. ९ गते निज आफ्नो परीक्षाको सामाग्री लिन पाटन बजार गएको अवस्थामा निज संग उक्त जबरजस्ती करणीको वारदात घट्न गई सोही कारणले निजको मानसिक अवस्था बिग्रेको हुन पर्दछ भन्ने कमला बिष्टको कागज।

११. मिति २०६८।१२।०९ गते म निज सागर भट्टको पसलमा बसेको अवस्थामा निज पीडित "घ" कुमारी आई सागर भट्ट कहाँ छ भनी सोधी रहेकी थिईन् भन्ने व्यहोराको निर्मला भट्टको कागज।

१२. प्रतिवादी दुवै जना पहिले देखि नै राम्रो चरित्रका व्यक्तीहरु नभएकाले निज दुवै जना मिलि उक्त वारदात गरेको हुनु पर्दछ भन्ने समेत व्यहोराको रमेश वोहराको कागज ।

१३. मिति २०६८।१२।०९ गते दिउंसो अन्दाजी १३:०० बजे निज मेरो पसलमा आई Geometry Box , गणितको गेस पेपर र क्याल्कुलेटर किनेर लगेकी हो, त्यसपछि निज कहाँ गई मलाई थाहा भएन, पीडित पक्षसंग मेरो कुनै रिसईवी थिएन, हामी २ जनाको नाम लिएर कसैले त्यस्तो घटना गरेको पनि हुन सक्छ। भन्ने व्यहोराको मिति २०६८।१२।२० गते पाना ७ को प्रतिवादी सागर भट्टको बयान ।

१४. मिति २०६८।१२।०९ गते म मेरो पसलमा नै थिएँ, अन्दाजी मध्यान्हको १२/१ बजे तिर निज "घ" कुमारी प्रतिवादी सागर भट्टको पुस्तक पसलमा आएकी मैले आफ्नै पसलबाट देखेको हुँ, निज उक्त सागरको पसलमा ४/५ मिनेट जति उभिएको होली, त्यसले त्यहाँ के के कुरा गऱ्यो र त्यसपछि कहाँ गई थाहा भएन र मिति २०६८।१२।१० गते बिहान अन्दाजी ७ बजे तिर जाहेरवालीलाई प्रतिवादी सागर भट्टको पसलमा आएको देखेको हुँ, मेरो जाहेरवालीसंग कुनै पूर्व रिसईवी थिएन, मेरो नाममा समेत किन किटानी जाहेरी पर्न आयो मलाई थाहा भएन भन्ने व्यहोराको ऐ. मितिको पाना ७ को प्रतिवादी अमर राज अवस्थीको बयान ।

१५. पीडितले वारदातका समयमा लगाएका कपडाहरु मध्ये कट्टुमा प्रतिवादीहरुको Human Semen was detected on exhibit no.1 (मानवको शुक्रकिट भेटिएको), Blood Group of exhibit no.1 could not be confirmed (रक्त समूह निश्चित गर्न नसकिएको) र Exhibit nos. 4 and 5 were human hairs (रौँहरु भेटिएको) भन्ने केन्द्रिय विधि विज्ञान प्रयोगशालाको मिति २०६८।१२।२१ गतेको च.नं. २९७२ को पत्र साथ प्राप्त हुनआएको प्रतिवेदन।

१६. मिति २०६८।१२।०९ गते निज पीडितलाई मैले पाटन बजारमा सामान किन्न आएको बेला देखेको र दोस्रो दिन म परीक्षा दिन सक्दैन भनी रोई कराई देखी के भयो भनी सोधपुछ गर्दा मिति २०६८।१२।०९ गते सामान लिन बजार आएका बखत प्रतिवादी सागर भट्ट र अमर राज अवस्थीले विभिन्न लोभ लालचमा पारी चांदनी फोटो स्टुडियोको अमर राज अवस्थीको सुत्ने कोठामा लगी पहिले सागर भट्ट र पछि अमर राज अवस्थीले मलाई जबरजस्ती करणी गरेको र उम्कन खोज्दा मेरो आँखामा चोट लागेको भनी पीडितले मलाई भन्दा मैले थाहा पाएको र प्रतिवादीहरु समेतको पूर्व चाल चलनसमेत ठिक नभएकाले निज दुवै जना

प्रतिवादीहरुले उक्त घटना गरेकोमा मलाई पूर्ण विश्वास लाग्छ भन्ने समेत व्यहोराको मिति २०६८।१२।२५ गतेको गगन सिंह भण्डारीको कागज।

१७. मिति २०६८।१२।१० गते बिहान म काम विशेषले पाटन बजार आएको अवस्थामा निज पीडितलाई सोध्दा २०६८।१२।९ गते दिउँसो सामान किन्न आएका बेला प्रतिवादी सागर भट्ट र प्रतिवादी अमर राज अवस्थीले मलाई विभिन्न किसिमको लोभ लालचमा पारी भित्र लगी दुवै जनाले पालै पालो जबरजस्ती करणी गरेको र मैले उम्कन खोज्दा मेरो आँखामा चोट लागेको भनी पीडितले भन्दा घटना बारे थाहा पाएको हुँ भन्ने समेत व्यहोराको ईन्द्र सिंह वोहराको कागज।

१८. मिति २०६८।१२।९ गते पीडित पाटन बजार आएको अवस्थामा प्रतिवादी अमर राज अवस्थी र प्रतिवादी सागर भट्टले निजलाई ललाई फकाई अमर राज अवस्थीको फोटो स्टुडियोमा लगी दुवै प्रतिवादीहरुले पालै पालो जबरजस्ती करणी गरेको भनी सुनी थाहा पाएकी हुँ भन्ने समेत व्यहोराको धना पहरीको कागज ।

१९. मिति २०६८।१२।०९ गते पीडित "घ" कुमारीलाई पाटन बजारमा जबरजस्ती करणी गरेको छ भन्ने खबर फोनबाट थाहा भए पछि २०६८।१२।०९ गते म पाटन बजार आएको र घटना सम्बन्धमा बुझ्दा मिति २०६८।१२।०९ गते निज पीडित सामान किन्न पाटन बजार आएको अवस्थामा प्रतिवादी दुवै जनाले पीडितलाई भित्र लगी पालै पालो जबरजस्ती करणी गरेको भन्ने सुनी थाहा पाएको र निज पीडितको बाँया आँखामुनी निलडाम रहेको हुँदा प्रतिवादी दुवै जनाले उक्त घटना गरेको भन्नेमा मलाई पूर्ण विश्वास लाग्छ भन्ने श्री केदार उच्च माध्यमिक विद्यालय मेलचोराको प्रधानाध्यापक लालुराम बि.क.को कागज ।

२०. मिति २०६८।१२।०९ गते बिहान घटना सम्बन्धमा फोन मार्फत जानकारी पाए पछि म पाटन आएको र तत्काल पीडितको आँखामुनी निलडाम रहेको र पीडितलाई के भएको भनी सोध्दा मिति २०६८।१२।०९ गते दिउँसो गेस पेपर किन्न प्रतिवादी सागर भट्टको पसलमा आएको अवस्थामा प्रतिवादी अमर राज अवस्थी समेत त्यँहा आई मलाई चांदनी फोटो स्टुडियो भित्र लगी दुवै प्रतिवादीहरुले जबरजस्ती करणी गरेको भनी पीडितले भन्दा घटनाको बारे जानकारी पाएको र दुवै प्रतिवादीले उक्त घटना गरेकोमा मलाई पूर्ण विश्वास लाग्छ भन्ने व्यहोराको श्री शिद्धेश्वर उच्च माध्यमिक विद्यालय मेलाचोरका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गणेश दत्त भट्टराईको कागज ।

२१. मिति २०६८।१२।०९ गते दिउँसो पीडित "घ" कुमारी आफ्नो परीक्षाको सामग्री किन्न पाटन बजार स्थित सागर भट्टको पसलमा आएको अवस्थामा चांदनी फोटो स्टुडियोका संचालक अमर राज अवस्थी समेत त्यहाँ आई नाई भन्दा भन्दै मलाई ललाई फकाई फोटो स्टुडियो

भित्र लगी पहिला प्रतिवादी सागर भट्ट र पछि अमर राज अवस्थीले जबरजस्ती करणी गरेका हुन् भनी पीडितले भन्दा मैंले सुनी थाहा पाएको र प्रतिवादी दुवै जनाले मिलि उक्त वारदात गराएकोमा मलाई पूर्ण विश्वास लाग्छ भन्ने व्यहोराको गगन सिहं वोहरा समेतका ७ जनाको मिति २०६८।१२।२५ गतेको वस्तुस्थिती मुचुल्का।

२२. प्रतिवादी सागर भट्ट र अमर राज अवस्थीले पीडित "घ" कुमारीलाई मिति २०६८।१२।०९ गते दिउँसो चांदनी फोटो स्टुडियोको कोठा भित्र जबरजस्ती करणी गरेको र प्रतिवादीहरुले आफ्नो पसल साँझ ७ बजे पछि बन्द गर्ने गरेकोमा उक्त दिन ३ बजे तिर नै बन्द गरिसकेकाले प्रतिवादीहरुले पीडितलाई जबरजस्ती करणी गरेकोमा मलाई पूर्ण विश्वास लाग्छ भन्ने समेत व्यहोराको जिल्ला बैतडी पाटन गा.वि.स.वा.नं.९ बस्ने चमन भण्डारीको कागज।

२३. मिति २०६८।१२।१० गते पीडितलाई जिल्ला प्रहरी कार्यालय बैतडीमा ल्याई मैंले पीडितलाई घटनाबारे सोधपुछ गर्दा मिति २०६८।१२।०९ गते अन्दाजी १३:०० बजे तिरको समयमा म गणित विषयको गेस पेपर किन्न पाटन बजार स्थित सागर भट्टको पुस्तक पसलमा गई गेस पेपर माग्दा उ त्यो अगाडीको पसलमा गेस पेपर पाईन्छ भनी मलाई चांदनी स्टुडियोमा पठाई एकछिन पछि सागर भट्ट पनि स्टुडियोमा आई मलाई दुवै मिलि जबरजस्ती भित्र लगी मैले नाई भन्दा भन्दै पहिला सागर भट्ट र पछि अमर राज अवस्थीले पालै पालो गरी जबरजस्ती करणी गरेका हुन् भनी पीडितले भनेको र पीडितको बाँया आँखा मुनी तथा पाखुरामा निलडाम रहेको भन्ने समेत व्यहोराको जिल्ला प्रहरी कार्यालय बैतडीको महिला सेवा केन्द्रमा कार्यरत प्र.ह. मनमाया वि.क. को कागज।

२४. यसमा जाहेरी निवेदन, जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, खानतलासी बरामदी मुचुल्का, पीडितको स्वास्थ्य परीक्षण रिपोर्ट, केन्द्रिय प्रहरी विधि विज्ञान प्रयोगशालाको परीक्षण रिपोर्ट, प्रतिवादीहरुको बयान, घटना विवरणका मानिसहरुको कागज तथा वस्तुस्थिती मुचुल्काका व्यक्तिहरुको कथन समेतका आधार प्रमाणहरुबाट मिति २०६८।१२।०९ गते दिउँसो पीडित "घ" कुमारीलाई प्रतिवादी सागर भट्ट र अमर राज अवस्थीले डर त्रासमा पारी बेहोस बनाउने सुई दिई, बल पूर्वक पसल भित्र लगी खटियामा पल्टाई पीडितलाई सामुहिक रुपमा पालै पालो गरी जबरजस्ती करणी गर्ने गरेको कार्य मुलुकी ऐन, जबरजस्ती करणी महलको १ नं.बमोजिमको कसूर अपराध कायम हुन आएकोले निज प्रतिवादी दुवै जनालाई सोही ऐन महलको ३(४)नं. बमोजिम सजाय गरी सोही ऐन महलको ३(क) नं. बमोजिम थप सजाय हुन सामुहिक बलात्कार बापतको सजाय समेत थप गरी ऐ. ऐन महलको १० नं. बमोजिम मानसिक क्षतिपूर्ति समेत पीडित "घ" कुमारीलाई दिलाई भराई पाउन समेत मागदाबी लिई पक्राउ परेका प्रतिवादीहरु र मिसिल यसै अभियोग पत्र साथ पेश गरिएको व्यहोरा अनुरोध छ । साथै

पीडितले आफ्नो उपचारका क्रममा महिला विकास अधिकृतलाई सम्बोधन गरी लेखिएको निवेदनमा यी प्रतिवादी दुवै जनाले सामुहिक जबरजस्ती करणी गर्दा आफू अचेत भएकीले अन्य पनि व्यक्तिहरुबाट आफू बलात्कृत हुनसक्ने वा आफूलाई अरु थाहा नभएका व्यक्ति समेत थप भई जबरजस्ती करणी गरेका हुनसक्ने भनी लेखिदिएको देखिँदा पछि अनुसन्धानको क्रममा अन्य व्यक्तिहरु समेत खुल्न आए अ.बं. ८८ नं. बमोजिम पछि छुट्टै पुरक अभियोगपत्र समेत पेश गरिने व्यहोरा समेत अनुरोध छ भन्ने समेत व्यहोराको मुख्य अभियोगपत्र ।

२५. मिति २०६८।१२।९ गतेको दिनमा प्रतिवादी सागर भट्ट आफ्नो दोकानमा थियो। म आफ्नो दोकानमा नै थिएँ। पीडित "घ" कुमारी लाई मैले दिउँसो २०६८।१२।९ गते १२-१ बजेको समयमा प्रतिवादी सागर भट्टको पसलमा देखेको हुँ, त्यहीबेला सागर भट्टले पनि करणी गरेन, अरुपनि थिए जबरजस्ती करणी गर्ने मौका नै भएन, मैले पनि सो दिन र राती करणी गरेन। मिति २०६८।१२।१० गतेको बिहान ७ बजेको समयमा परीक्षा दिन जान लागेकी सागर भट्टको दोकानमा सागर भट्ट सँग कुरा गरिराखेको देखेको हुँ। मलाई प्रहरी चौकीमा लगेपछि केटीलाई जबरजस्ती करणी गर्‍यो भनी भनेपछि थाहा पाएको हुँ। हामीहरुले जबरजस्ती करणी गरेनौं। जबरजस्ती करणी गर्नेहरुलाई सजाय होस् हामी अभियोगदावीबाट सफाई पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी अमर राज अवस्थीले शुरु बैतडी जिल्ला अदालतमा गरेको बयान ।

२६. मिति २०६८।१२।९ गतेको दिन पीडित "घ" कुमारी दिउँसो ११:०० बजे म कोठामा खाना पकाउन लागेको बेला पसलमा आएकी थिइन्। पछि १ बजे मेरो पसलमा आई किताब, क्यालकुलेटर र औजार बक्स किनी लगिन्। म उँहालाई परीक्षा सिध्नि बेलाकोतीन दिन अगाडि देखि चिन्दछु । प्रतिवादी अमर राज अवस्थी र मैले करणी गरेनौं। १० गते पछि मैले पीडित "घ" कुमारीलाई पाटनमा आफ्नै दिदीको कोठामा जबरजस्ती करणी गर्‍यो भन्ने चौकीमा आएपछि सुने भन्ने समेत व्यहोराको प्रतिवादी सागर भट्टले शुरु बैतडी जिल्ला अदालतमा गरेको बयान ।

२७. प्रस्तुत मुद्दामा आरोपित कसूर अपराध गरे तर्फ प्रतिवादीहरु सागर भट्ट र अमर राज अवस्थीले प्रहरी समक्ष र यस अदालतमा बयान गर्दा कसूरमा ईन्कार भई बयान गरेको भए तापनि प्रस्तुत मुद्दामा परेका मिसिल संलग्न अन्य किटानी जाहेरी निवेदनहरु, पीडित"घ"कुमारी (नाम परिवर्तन) ले दिएको किटानी जाहेरी दरखास्त, घटनास्थल प्रकृति मुचुल्का, बरामदी मुचुल्का, बस्तुस्थिती मुचुल्काका गगन सिहं बोहरा, देवेन्द्र खड्का समेतले गरिदिएको किटानी कागज, योनीमा दुई वटा औंला सजिलै प्रवेश हुने गरी योनीद्वार खुला भएको, बायाँ आँखा तल निलडाम भएको, दाँया हातको पाखुरामा समेत १.५ x १.५ से.मी.को घाउ भएको भन्ने पीडितको स्वास्थ्य परीक्षण रिपोर्ट तथा पीडितले वारदातको समयमा लगाएको कपडामा human sperm cells

found (मानवको शुक्रकिट) र कपडामा रौं भेटिएको भन्ने केन्द्रिय प्रहरी विधि विज्ञान प्रयोगशालाबाट प्राप्त रिपोर्ट एवम् मिसिल संकलित अन्य सबुद प्रमाण समेतका तत्काल प्राप्त प्रमाणहरुबाट यी प्रतिवादी सागर भट्टर अमर राज अवस्थी कसूरदार देखिएकाले पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई मुलुकी ऐन अ.बं. ११८ को देहाय २ बमोजिम निजहरुलाई अ.बं. १२१ नं. बमोजिम थुनुवा पुर्जी दिई जिल्ला कारागार कार्यालय बैतडीमा पुर्पक्षका लागि थुनामा राख्न पठाइदिनु भन्ने समेत व्यहोराको बैतडी जिल्ला अदालतको आदेश।

२८. श्री सिद्धेश्वर उ.मा.वि. मेल्चोरका अध्यक्ष गणेश दत्त भट्टराई,प्र.अ. लालुराम वि.क., जाहेरवाली तथा पीडित "घ" कुमारी, घटनास्थल मुचुल्काका मानिसहरु, घटना विवरण कागजका मानिसहरु, वस्तुस्थिती मुचुल्काका मानिसहरु, समेतलाई जि.स.व.का.बैतडी मार्फत उपस्थित गराउनु भनी जि.प्र.का. बैतडीलाई लेखी पठाई र प्रतिवादीहरुका साक्षीहरु निजैहरु मार्फत उपस्थित गराउन लगाई बुझी नियमानुसार पेश गर्नु भन्ने समेत व्यहोराको बैतडी जिल्ला अदालतको आदेश ।

२९. पीडित "घ" कुमारीलाई चमन सिहं भण्डारीले हिजो राति तपाई सँग घटना भयो की भनी सोधनी गर्दा मसँग कुनै केही घटना भएन भनेर "घ" कुमारीले जवाफ दिदैं थिई, तिमीलाई औषधी खुवायोकी भनेर सोध्दापनि मलाई कुनै औषधी खुवाएन भनेर जवाफ दिई रहेकी थिइन् भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने निर्मला भट्टले बैतडी जिल्ला अदालतमा गरेको बकपत्र।

३०. मिति २०६८।१२।९ गते मेरो घरमा आईसकेपछि "घ" कुमारीले आफ्नो घरमा आमा बुवालाई फोन गर्दै छु भनेर त्यो फोन मेरो आफ्नो भएकोले अनावश्यक फोन नगर पैसा सकिन्छ भन्दा मलाई कोही बिरानो केटाले मिस कल गरी रहेको छ फोन गर्दिन भनेर भनी निजबाट मैले फोन खोसेर आफूसंगै राखें। त्यसपछि निज कोठामा बस्दा लाईट पनि जलाइराख्ने टर्च पनि जलाइराख्ने गरी रहेकोले किन यसो गरिरहेको भन्दा म सित नबोल्नुस् मेरो भावना अर्कै छ भन्न थालीन् । अब सुतौं भनेर कोठामा जाँदा निज "घ" कुमारी घर बाहिर निस्केकीले म पनि निज संगै बाहिर आएर किन यसो गरी रहेकी भन्दा मैले के खाएको हुँ, तैंले भोली जान्लीस् भनी कराउन थालिन्, । निज "घ" कुमारीको रेखदेखमा रातभरी सुत्न पाएनौं भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने कमला विष्टले बैतडी जिल्ला अदालतमा गरेको बकपत्र।

३१. चांदनी फोटो स्टुडियो भवन तीन तला छ कोठाहरु कति छ थाहा छैन अगाडीको कोठामा श्रृँगारका सामानहरु थिए। पछाडीको कोठामा फोटो लाईट पर्दा समेत थियो। श्रृँगार सामान रहेको कोठामा बिच भागमा प्लाई लगाई पार्टेसन गरी पछाडी ३.४ फिट चौडा भएको एउटा खटिया समेत थियो, पक्षको भनाई अनुसार केटीको फुपु कमला विष्टको घरमा घटना भएको हो भन्ने थियो, प्रहरीको कागजमा चाँदनी फोटो स्टुडियो देखाईयो त्यसैले यो घटना बनावटी

जस्तो लाग्छ भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्काका मानिस जयराज जोशीले बैतडी जिल्ला अदालतमा गरेको बकपत्र।

३२. मिति २०६८।१२।१० गते पाटन बजारमा श्याम दमाईको पसलमा "घ" कुमारीलाई भेटेको थिएँ । ऐ. १० गते विहान ७ बजे "घ" कुमारीलाई बजारमा भेटें र मलाई आफ्नो प्रवेश पत्र देखाउँदै सागर भट्टले कोरी दिएको छ भनी देखाइन्।"घ" कुमारी र रमेश बोहरासमेत सागर भट्टको पसलमा थिए। निज "घ" कुमारीलाई कहाँ कसले बलात्कार गऱ्यो भन्ने सम्बन्धमा मलाई केही थाहा छैन भन्ने समेत व्यहोराको घटना विवरण कागजका मानिस गगन सिहं भण्डारीले बैतडी जिल्ला अदालत गरेको बकपत्र ।

३३. मिति २०६८।१२।१० गते बिहान पाटन स्कूलको आसपासमा म पुग्दा छोरी "घ" कुमारीलाई भेटें।मैले छोरीलाई सोधपूछ गर्दा, निजले मिति२०६८।१२।९ गतेका दिन गेसपेपर किन्न भनी पाटन पुस्तकालयको दोकान आएकी थिएँ। गेसपेपर खरिद गरें। पुस्तकालयवालाले तिमी कहाँ आएकी हौ ? कहाँ बस्छौ भनी सोधपूछ गरे।त्यस बखत फोटोग्राफर पनि त्यहीं थिए। निजहरुले बहिनी म पनि परीक्षा दिदैं छु, चिया पानी खाउ भनी एक जनाले भने चिया र पानी मगाएर खाए १०,१५ मिनेट पछि म बेहोस भएँ। त्यस पछि केके भयो मलाई थाहा भएन भनेर भनेकी हुन्। आँखामा निलडाम देख्दा सो के भएको हो भनी सोध्दा फोटोग्राफरले मलाई चेपे जस्तो लाग्यो भनी भनेकी हुन्। छोरी "घ" कुमारी माथि गलत व्यवहार प्रतिवादी सागर भट्ट पुस्तकालयवालाको दोकान पसलमा भएको हो भन्ने समेत व्यहोराको बरामदी मुचुल्काका मानिस राम सिहं बोहराले सुरु बैतडी जिल्ला अदालतमा (स.ज. ६ र स.ज. १४ मा)गरेको बकपत्र ।

३४. घटनाको बारेमा मलाई केही पनि थाहा छैन। एक दिन अगाडी घटना भएको रहेछ दोस्रो दिन ३ बजे हामीलाई बोलायो। जाहेरवालीलाई टाढाबाट देखें कुराकानी केही भएन भन्ने समेत व्यहोराको घटना विवरणका मानिस गणेश दत्त भट्टराईले (स.ज. ६ र स.ज. ७ मा) सुरु बैतडी जिल्ला अदालतमा गरेको बकपत्र ।

३५. चियामा जाहेरवालीलाई औषधी खुवाई जबरजस्ती करणी गऱ्यो भन्ने मलाई विश्वास छैन।मेरो र प्रतिबादीहरुको आमने सामने पसल छ।घटना बारे सुनी थाहा पाएको हो। मलाई उक्त कागज गराउन आठ दिन पछि प्रहरीले बोलाएको हो भन्ने समेत व्यहोराको वस्तुस्थिती मुचुल्काका मानिस तेज बहादुर चन्दले सुरु बैतडी जिल्ला अदालतमा (स.ज. ६ मा) गरेको बकपत्र ।

३६. मैले प्रतिवादीहरुले जबरजस्ती करणी गरेकोमा पुर्ण विश्वास छ भनी लेखाएको थिइँन। सो कुरा लेखाइदिएछ। प्रहरीमा मलाई पढीवाची सुनाएन। मलाई प्रहरीमा पनि बोलाएन,प्रहरी गाडी

लिएर मेरो होटेलमा गई लौ छिटोछिटो सहि गर भनी मेरो सहीछाप गरी ल्याएका हुन् भन्ने समेत व्यहोराको वस्तुस्थिती मुचुल्काका मानिस देवेन्द्र बहादुर खड्काले सुरु बैतडी जिल्ला अदालतमा (स.ज. ५ मा) गरेको बकपत्र ।

३७. पीडितलाई लागेको निलडाम मैले आफैले देखेकी हुँ। सुई लगाएको देखेन। सुई लगाएको हो भनेर पीडितले भनेकी हुन् भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने प्र.ह.मन माया वि.क..ले सुरु बैतडी जिल्ला अदालतमा (स.ज. ६ मा) गरेको बकपत्र ।

३८. मिति २०६८।१२।११ गते बेलुका "घ" कुमारीलाई निजकै बाबु तथा अन्य गाउँलेहरुले पनि सोधपुछ गर्दा निजले मेरो जिवनमा चार जना आए भने पछि जेपायो त्यही बोल्दछी भनी निजको कपाल समातेर कुटपिट समेत गरेका थिए। अरुले पनि वाहानावाजी नगर भनी विभिन्न किसिमले मानसिक यातना दिईराखेका थिए। यसरी बारबार घटना, तथ्य, व्यहोरा फरक फरक लेखाउने देखाउने गरेको यो मुद्दा झुट्टा बनावटी हो भन्ने समेत व्यहोराको प्रतिवादीहरुका साक्षी शिवदत्त पन्तले सुरु बैतडी जिल्ला अदालतमा (स.ज.१२ मा) गरेको बकपत्र ।

३९. मैले प्रतिवादीहरुलाई बुझ्दा, १० गते बिहान परीक्षा दिन जाने क्रममा "घ" कुमारी र निजकै दाजु नाता पर्ने रमेश बोहरा दुवै जना संगै प्रतिवादी सागर भट्टको पसलमा आई मेरो बहिनी सँग किन झगडा गरिस? किन जिस्काइस? परीक्षा दिएर आएपछि तेरो नाउँमा मुद्दा हाल्छु भनी धम्काएर गएको हुँदा यो मुद्दा सुनियोजित ढंगले चलाएको छ भन्ने प्रष्ट हुन्छ भन्ने समेत व्यहोराको प्रतिवादीहरुका साक्षी नवराज अवस्थीले सुरु बैतडी जिल्ला अदालतमा (स.ज. १० मा) गरेको बकपत्र ।

४०. मैले जिल्ला अस्पतालमा निज "घ" कुमारीलाई मानसिक अवस्था बिग्रेको हालतमा देखेको हुँ। धाउ खत आँखाको माथि पट्टी थियो कुन आँखा हो थाहा भएन । पाटनमा लागेको हो भन्दै थिई । त्यही कुरा साँचो हो। प्रहरीमा कागज गर्दा मलाई व्यहोरा सुनाएन, दस्तखत गर भनेको हुँदा दस्तखत गरिदिएको छु भन्ने समेत व्यहोराको वस्तुस्थिती मुचुल्काका मानिस नर्क सिहं ठगुन्नाले सुरु बैतडी जिल्ला अदालतमा (स.ज.९ मा) गरेको बकपत्र ।

४१. २०६८।१२।९ गते म घरमै छु। प्रहरीमा गरेको कागज मलाई पढीवाची सुनाएन। प्रहरीमा कागज गर्दा मैले भनेको व्यहोरामा, मैले केटीलाई भेटेको थिएँ। उसको आँखामा चोट लागेको थियो । चोटपटकको बारेमा सोध्न पाएन। अरु कुरा निज सँग केही पनि भएन। त्यही कुरा सम्म मैले लखाएको छु । यसले करणी गऱ्यो भनी लेखाएको छैन। घटना "घ" कुमारीको फुपुको घरमा ९ गते भएको हो भन्ने सुनेको हुँ भन्ने समेत व्यहोराको वस्तुस्थिती मुचुल्काका मानिस विर सिहं ठगुन्नाले सुरु बैतडी जिल्ला अदालतमा (स.ज.५ र स.ज. ६ मा) गरेको बकपत्र ।

४२. २०६८ चैत्र ९ गतेको दिन पाटन स्थित सागर भट्टको पसलमा गेस पेपर किन्न जाँदा विभिन्न किसिमका गेसपेपर हेर्दा खेरी अबेर भयो। मैले सागर भट्ट सँग एक गिलास पानी मागी खाएँ। त्यहाँ अमर राज अवस्थी बसिरहेको थियो। मैले पानी खाईसके पछि टाउको दुख्यो, रिङ्गटा लागे जस्तो भयो। त्यहाँबाट दिदीको घरमा गएँ, घरमा जाँदा आधी बाटा सम्म ती दुवै जना प्रतिवादी अमर राज अवस्थी र सागर भट्ट मेरो पछि पछि लागे मलाई मतलब भएन। म ६ बजे घर पुगें र दिदीले खाना पकाउनु भयो र मैले खाना खाएँ। रिङ्गटा झन्झन्ट बढ्न थाल्यो। दिदीको छोरी म संगै सुत्ने भएकीले मैले ढोका लगाइन। म सिरकमा गुटमुटीएर सुतिरहेकी थिएँ, त्यही बेला मेरो कोठा भित्र १०:३० बजे यी दुवै जना प्रतिवादी सागर भट्ट र अमर राज अवस्थी आएर सिरानीले मेरो मुखको पुरै भाग छोपी त्यहाँबाट उठ्न र बोल्न नमिल्ने गरी च्याप्यो त्यसपछि सुई खुट्टामा र दाँया पाखुरामा घोच्यो अनि दुवैजनाले मलाई के के गऱ्यो त्यो बेला थाहा भएन। राति ११:३०-१२:०० बजे तिर निन्द्रा खुलेपछि यी दुवै जना प्रतिवादीहरु बाहिर गई राखेका थिए। मैले आफ्नो जिउ हेर्दा खेरी बाँया गालामा निलडाम थियो। आफूले अनुभव गर्दा जिउ तल माथि दुवै तिर दुखेको थियो। मैले लगाईराखेको लुगाहरु फेरिएका थिए, भित्र पट्टीका कट्टु र गन्जी थिएन। त्यसपछि दिदीले पानी ल्याएर आइन्, पानी खाएँ। दिदीले तिमीलाई के भयो भनी सोध्दा मैले भन्नै सकिन, निन्द्रा पनि झन्झन् लाग्यो। ओछ्यानबाट उठ्न नसक्ने अवस्थामा परें। अनि भोलि पल्ट अर्को लुगा लगाएर परीक्षा दिन भनेर बजार तिर गएँ। पाटन बजारको छेउमा प्रहरी भेटें, उहांलाई आफूमाथी भएको घटनाको बारेमा अलिअलि भनें, त्यहाँबाट परीक्षा केन्द्रमा गएर केन्द्राध्यक्षज्यूसँग मेरो घटना क्रम बताएर आज म परीक्षा दिन सक्दिँन गाह्रो भएको छ भनी भनें। उँहाले जति सक्दछौ गर भनी प्रश्न पत्र दिनु भयो। मैले अलि अलि लेख्न सकें। टाउको दुख्दै थियो लेख्दा खेरी हात काम्न थाल्यो त्यसपछि पेपर दिएर दिदीको घर पुगें । दिदीले बुवालाई बिहानै फोन गर्नु भएको रहेछ। मेरो दिदीको नाम कौसी बोहरा हो। पाटन प्रहरी चौकीमा केन्द्राध्यक्ष समेतले लगी गएका हुन्। म बेहोस थिएँ। मलाई कहाँ कहाँ लगे थाहा भएन भन्ने समेत व्यहोराको जाहेरवाली "घ" कुमारीले सुरु बैतडी जिल्ला अदालतमा (स.ज. ५ मा) गरेको बकपत्र।

४३. यसमा जाहेरवाली पीडित "घ" कुमारीले यस अदालतमा आई बकपत्र गर्दा प्रतिवादीहरुले खुट्टामा र दाँया पाखुरामा सुई घोचे, म बेहोस भएँ। मलाई सागर भट्ट र अमर राज अवस्थीले जबरजस्ती करणी गरेको हो। मेरो जिउमा हेर्दा कपाल जुकुल्टो परेको, मुखमा निलडाम भएको, योनी दुखेको थियो। मेरो गुप्ताङ्गमा विर्य लागेको थियो, विर्य प्रतिवादीहरुको हो, घटना भएको हो। त्यो घटना प्रतिवादी सागर भट्ट र अमर राज अवस्थीले मलाई जवरजस्ती करणी गरेको हो। मेरो जीवन बर्बाद पारेको छ। कडा सजाय होस् भनी लेखाई दिएको देख्दा अध्ययनरत

अविवाहित कुमारी कन्याले यिनै प्रतिवादीहरु उपर जाहेरी दिई आफ्नो भविष्यलाई समेत त्यतिकै दागी बनाउने काम सामान्य समझको विपरित देखिनु, पीडितले बिचमै एस्.एल्.सी. जस्तो महत्वपूर्ण परीक्षा समेत छोड्नु समेतका आधार प्रमाणहरुबाट पीडित "घ" कुमारीलाई प्रतिवादीहरु सागर भट्ट र अमर राज अवस्थीले सामुहिकरुपमा जबरजस्ती करणी गरेको तथ्य स्वतः सिद्ध हुन आएको देखिँदा प्रस्तुत मुद्दामा मिसिल संकलित सबुत प्रमाणको आधारमा प्रतिवादी सागर भट्ट र प्रतिवादी अमर राज अवस्थीले अभियोग मागदाबी बमोजिम पीडित "घ" कुमारी (नाम परिवर्तन) लाई जबरजस्ती करणी गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी ऐन,जबरजस्ती करणीको महलको ३(४) नं. बमोजिम प्रतिवादी सागर भट्ट र प्रतिवादी अमर राज अवस्थीलाई जनही ८(आठ)वर्ष कैद हुने ठहर्छ। उक्त वारदातमा दुवैजना प्रतिवादीहरुले पीडित "घ" कुमारी लाई सामुहिक रुपमा जबरजस्ती करणी गरेको हुँदा मुलुकी ऐन,जबरजस्ती करणीको महलको ३ (क) नं. बमोजिम प्रतिवादी सागर भट्ट र प्रतिवादी अमरराज अवस्थीलाई जनही ५(पाँच) वर्ष थप कैदको सजाय हुने ठहर्छ । साथै मुलुकी ऐन, जबरजस्ती करणीको महलको १० नं. बमोजिम प्रतिवादीहरु सागर भट्ट र अमर राज अवस्थीबाट जनही रु.५०,०००।- (पचास हजार) का दरले पीडित "घ" कुमारीलाई क्षतिपूर्ति भराई दिने ठहर्छ भन्ने समेत व्यहोराको शुरु बैतडी जिल्ला अदालतको फैसला।

४४. जाहेरवालीको लुगा कपडा परीक्षण गरी आएको प्रतिवेदन (रिपोर्ट) मा जाहेरवालीले लगाएको कट्टुमा मानव शुक्रकिट भेटिएको भने पनि उक्त शुक्रकिटको रक्त समूह मेरो रगत समूहसँग मेल नखाएको हुँदा उक्त शुक्रकिटसँग मेरो कुनै सम्बन्ध छैन। जबरजस्ती करणी भएको कुरामा नै शंका देखिएको अवस्थामा मलाई कसूरदार ठहऱ्याएको फैसला फौजदारी न्यायको सिद्धान्त विपरित छ। वादी पक्षको साक्षी कमला विष्टको बकपत्रबाट समेत मेरो निर्दोषिता प्रष्ट भईरहेको छ। मैले आरोपित कसूरमा ईन्कार रही बयान गरेको छु। सो कुरालाई मेरा साक्षीहरु नवराज अवस्थी र शिवदत्त पन्तले गरेको बकपत्रबाट पुष्टि भै रहेको छ। वादी पक्षको गवाह निर्मला भट्ट, गणेश दत्त भट्टराई, कमला विष्टसमेतका मानिसहरुले प्रतिवादी अमर राज अवस्थीले कसूर गरेकोमा विश्वास लाग्दैन, कसूर गरेको छैन भनि शुरु अदालत समक्ष बकपत्र गरी दिएबाट मेरो आरोपित कसूरमा संलग्नता नभएको पुष्टि भई मेरो निर्दोषिता प्रमाणित भएकोले शुरु अदालतबाट मलाई कसूरदार ठहऱ्याएको फैसला बदर गरी पाउँ, अभियोग दाबीबाट फुर्सद दिलाई पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी अमरराज अवस्थीको पुनरावेदन अदालत महेन्द्रनगरमा परेको पुनरावेदन।

४५. पीडितको कट्टुमा देखिएको शुक्रकिटलाई शुरु अदालतले आफ्नो ठहरमा मेरै हो भनि आत्मनिष्ठ तर्क गरिएको छ। मेरो रक्त समूहसँग उक्त शुक्रकिटको कुनै सम्बन्ध छैन। प्रमाण ऐन,

२०३१ को दफा २५ मा दावी प्रमाणित गर्ने दायित्व बादीको हुनेर हाम्रो कानूनी मान्यता पनि त्यहि छ। अदालतमा आई अनुसन्धानको क्रममा गरिएका कागजहरुको सत्यापन गरिनु पर्ने अनिवार्यता कानूनमा सुनिश्चित छ। बादी पक्षका गवाह कमला र निर्मलाले अपराध भएको होइन र म त्यसमा संलग्न छैन भन्ने विषयलाई पुष्टि गरी दिएका छन्। जसबाट पुरै खण्डित रहन्छ र अरु बुझिएका व्यक्तिहरुले परस्पर बिरोधाभाषपूर्णका साथै सुनी थाहा पाएको विषयले प्रमाणित मुल्य प्राप्त गर्न सक्दैन। तिनलाई प्रमाण मान्नु प्रमाण ऐनको प्रतिकुल हुन्छ। त्यस्तै मेरा साक्षीहरुले कथित बारदात समयमा र कथित घटना सँग मेरो कुनै संलग्नता छैन भनि मैले गरेको इन्कारी बयानलाई पुष्टि हुने गरी गरी दिएको बकपत्रले मेरो निदोर्षिता प्रष्ट देखि राखेको अवस्थामा मलाई दोषी ठहर गर्नु न्यायोचित नभएकोले शुरु फैसला बदर गरी मलाई निर्दोष घोषणा गरी पाउँ भन्ने समेत व्यहोराको प्रतिबादी सागर भट्टको पुनरावेदन अदालत महेन्द्रनगरमा परेको पुनरावेदन।

४६. यसमा सबुद प्रमाणको मुल्याङ्कनको रोहमा शुरु बैतडी जिल्ला अदालतको फैसला फरक पर्ने देखिँदा मुलुकी ऐन, अ.वं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई उपस्थित हुन आए वा अवधी नाघेपछि नियमानुसार पेश गर्नू भन्ने मिति २०७०।३।१७ गतेको पुनरावेदन अदालत महेन्द्रनगरको आदेश।

४७. जाहेरवालीको जाहेरी दरखास्त निवेदन र निजको अदालतमा भएको बकपत्र तथा घटनास्थल प्रकृति मुचुल्का र बुझिएका मानिसहरुको भनाईमा एकरुपता नभई परस्पर बाझिएको देखिनुका साथै स्वास्थ्य परीक्षण रिपोर्ट, केन्द्रिय प्रहरी बिधि विज्ञान प्रयोगशालाको रिपोर्टबाट घटनाको वास्तविक तथ्यलाई शंकारहित तवरले प्रमाणित गर्न नसकेको हुँदा जाहेरवालीको उक्त बिरोधाभाप भनाईको आधारमा मात्र मनोगत ढंगबाट अनुमान गरी भएको शुरु जिल्ला अदालतको फैसला सँग सहमत हुन सकिएन । केवल अनुमान को भरमा मात्र मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ (४) नं.बमोजिम प्रतिवादीहरु सागर भट्ट र अमर राज अवस्थीलाई जनही ८ (आठ)वर्ष कैद गरी र ऐ.जबरजस्ती करणीको महलको ३(क) नं. ले थप ५ (पाँच) वर्ष कैद र ऐ. को १० नं. बमोजिम प्रतिवादीहरुबाट जनही रु ५०,०००।– (पचास हजार) यी प्रतिवादीहरुबाट पिडीतालाई क्षतिपूर्ति भराउने गरी भएको शुरु बैतडीजिल्ला अदालतको मिति २०६९।११।२२ को फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी भई प्रतिवादीहरुले अभियोग दावीबाट सफाई पाउने ठहर्छ भन्ने समेत व्यहोराको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०७१।०१।१५ को फैसला।

४८. शुरु बैतडी जिल्ला अदालतको फैसलालाई उल्टी हुने गरी मिति २०७१।१।१५ मा पुनरावेदन अदालत महेन्द्रनगरबाट भएको फैसलामा चित्त बुझेन। मिति २०६८।१२।९ गते दिउँसो

पीडित "घ" कुमारी प्रतिवादी सागर भट्टको पसलमा गेस पेपर खरिद गर्न गएको अवस्थामा निज प्रतिवादीहरु सागर भट्ट र अमर राज अवस्थीको पाटन बजार स्थित चाँदनी फोटो स्टुडियोमा लगि बेहोस हुने सुई लगाई अचेत बनाई सामुहिक जबरजस्ती करणी गरेको भनी पीडित "घ" कुमारीले किटानी जाहेरी दरखास्त दिएको र सो पश्चात पीडित "घ" कुमारीले मानसिकरुपमा विक्षिप्त भई होस समेत गुमाएको भन्ने मिसिल संलग्न मेडिकल प्रतिवेदनबाट समेत देखिएको अवस्थामा पीडितले आफूलाई जबरजस्ती करणी गरेको वारदात स्थान नै यकिन गर्न नसकेको भन्ने आधारमा प्रतिवादीलाई सफाई दिइएको देखिन्छ। पीडित "घ" कुमारीको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट योनीद्वार खुला रहेको बायाँ आँखा तल नीलडाम भएको, दायाँ हातको पाखुरामा समेत घाउ चोट पटक लागेको देखिएको, पीडितले वारदातका समयमा लगाएका कपडाहरु मध्ये कट्टुमा human sperm cells found (मानवको सुक्रकिट भेटिएको) र रौंहरु भेटिएको भन्ने केन्द्रिय प्रहरी विधि विज्ञान प्रयोगशाला महाराजगंज काठमाडौंको प्रतिवेदनले समेत पीडितको किटानी जाहेरी र बकपत्रलाई समर्थन गरेको देखिन्छ। जहाँ सम्म विर्य यी प्रतिवादीहरुको होईन भन्ने प्रतिवादीहरुको जिकर रहेको छ, सो प्रमाण पुर्‍याउने भार यी प्रतिवादीहरु स्वयंको हुन्छ। सो सन्दर्भमा प्रमाण ऐन, २०३१ को दफा २७ ले "सजायमा कमी वा छुट हुने वा सजायबाट रिहाई पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुर्‍याउने भार निजको हुनेछ" भनी व्यवस्था गरेको छ। भर्खर आफ्नो सुखद भविष्यको लागि प्रयासरत एउटा कुमारी केटीले आफ्नो भविष्यमा दाग लाग्ने गरी विना कारण कुनै पर पुरुषले आफूसँग जबरजस्ती करणी गरेको हो भनी पटक पटक किटानी जाहेरी एवं सोही मुताविक अदालतमा समेत बकपत्र गर्दा यथार्थरुपमा खुलाउनु पर्ने प्रश्न रहँदैन। पीडित "घ" कुमारीको किटानी जाहेरी, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, अदालतमा गरेको किटानी बकपत्र समेतलाई नजरअन्दाज गरी मिसिल संलग्न प्रमाण समेतलाई मुल्याङ्कन नगरी शुरु बैतडी जिल्ला अदालतको अभियोग मागदावी बमोजिम कसूर ठहर गरेको फैसलालाई उल्टी गरी निज प्रतिवादीहरुलाई सफाई दिने ठहर गरेको पुनरावेदन अदालत महेन्द्रनगरको फैसला त्रुटीपूर्ण भएको हुँदा बदर गरी प्रतिवादीहरुलाई सुरु अभियोग मागदावी बमोजिमसजाय गरी पाउँ भन्ने समेत व्यहोराको "घ" कुमारीको जाहेरीले वादी नेपाल सरकारको यस अदालतमा पर्न आएको पुनरावेदन।

४९. यसमा पीडित परिवर्तित नाम "घ"कुमारीलाई यी प्रतिवादीहरुले जबरजस्ती करणी गरेको भनी पीडितको किटानी जाहेरी परेको, पीडितले वारदातका समयमा लगाएका कपडाहरु परीक्षण गर्दा human sperm cells भेटिएको, पीडितको शारीरिक परीक्षण हुँदा बाँया आँखामुनी र पाखुरामा निलडाम, On P/v Examination-/ Whitish discharge was noted in and around the introitus,

two fingers were easily inserted inside the vagina भन्ने उल्लेख भई अस्वभाविकरुपमा यौनाङ्ग फैलिएको देखिएको, पीडितलाई सुई दिई विक्षिप्त अवस्थामा करणी गरेको भनी अदालतमा आई पीडितले बकपत्र गरेको अवस्थामा पुनरावेदन अदालत महेन्द्रनगरबाट प्रतिवादीहरुलाई कसूरदार नठहऱ्याई शुरू अभियोग दावीबाट सफाई पाउने भएको फैसला फरक पर्न सक्ने देखिँदा मुलुकी ऐन, अ.बं. २०२ नं.बमोजिम प्रत्यर्थी झिकाई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७४।०९।०५ को आदेश।

## ठहर खण्ड

५०. नियम बमोजिम दैनिक पेसी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक/वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सह-न्यायाधिवक्ता श्री सूर्य राज दाहाल, विद्वान सह-न्यायाधिवक्ता श्री उद्धव पुडासैनी र पिडितको तर्फबाट अधिवक्ता श्री स्वागत नेपालले पीडित "घ" कुमारीले आफ्नो जाहेरी दरखास्त तथा अदालतमा गरेको बकपत्रमा प्रतिवादीहरुले फोटो स्टुडीयोमा औषधी सुई प्रयोग गरी मलाई अचेत अवस्थामा पारी सामुहिकरुपले करणी गरी मानसिक विचलन समेत पारी मेरो जीवन बर्वाद पारेको भनी व्यहोरा खुलाएको अवस्था छ। पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा पीडितले वारदातका समयमा लगाएका कपडाहरु परीक्षण गर्दा human sperm cells भेटिएको, शारीरिक परीक्षण हुँदा बाँया आँखामुनी र पाखुरामा निलडाम, On P/v Examination- Whitish discharge was noted in and around the introitus, two fingers were easily inserted inside the vagina भन्ने उल्लेख भएसमेत बाट पीडितलाई जबरजस्ती करणीको कार्य भएको पुष्टि हुन्छ। जबरजस्ती करणी हुनको लागि तीन वटा आधारभूत तत्वः मनसाय, कार्य र पीडितको मन्जुरी नभएको अवस्था हुनु अनिवार्य हुन्छ र प्रस्तुत मुद्दामा सो को विद्यमानता रहेको छ। वारदातको मितिदेखि बकपत्रको समयसम्म पीडित मानसिकरुपमा विक्षिप्त भएकोबाट बकपत्रको व्यहोरा_जाहेरी सँग केही हदसम्म फरक पर्नु अस्वभाविक होईन। बलात्कारबाट पीडितलाई पुगेको आघात (trauma) को अवस्थालाई अदालतले गम्भीरता पूर्वक लिनु पर्दछ। पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, घटना विवरण कागज, अदालत समक्ष भएको बकपत्र, बरामदी मुचुल्का, प्रतिवादीहरुले वारदातस्थल र समयमा उपस्थिति स्वीकार गरी गरेको बयानसमेतका प्रत्यक्ष प्रमाणका आधारमा प्रतिवादीहरुले सफाई पाउने गरी पुनरावेदन अदालत महेन्द्रनगरबाट भएको फैसला त्रुटीपूर्ण देखिँदा उक्त फैसला उल्टी गरी अभियोग मागदावी बमोजिम सजाय हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

५१. प्रतिवादीहरुका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री रमण कुमार श्रेष्ठले जाहेरवाली "घ" कुमारी स्वयंको जाहेरी र बकपत्रको व्यहोरामा भिन्नता रहेको छ, जाहेरवालीले वारदात फोटो स्टुडियोमा भएको हो वा निजको दिदी कमला विष्टको घरमा भएको हो र कुन समयमा भएको हो सो समेत प्रष्ट रुपमा खुलाउन नसकेको अवस्था छ। पीडितकी दिदी कमला विष्टले वारदात आफ्नो घरमा नभएको र पीडितले असामान्य व्यवहार गर्न थालेको हुनाले झारफुक गरेको जसबाट पीडितको शरीरमा नीलडाम पर्न गएको हो भनी उल्लेख समेत गरेकी छन्। बुझिएका व्यक्तिहरु समेतले घटना विवरण कागजलाई अदालतमा आएर समर्थन गरेका छैनन् साथै हरेकका भनाई एक आपसमा बाझिएको अवस्था छ। त्यस्तै प्रतिवादीहरुको ईन्कारी बयानलाई समर्थन गर्ने गरी स्वास्थ्य परीक्षण प्रतिवेदनमा पीडितको कपडामा भेटिएका मानव विर्य निज प्रतिवादीहरुकै हो भन्ने पुष्टि हुन नसकेको व्यहोराबाट जबरजस्ती करणीको वारदात भएको देखिने अवस्था नहुँदा शंकाको सुविधा प्रतिवादीहरुले पाउने हुँदा पुनरावेदन अदालत महेन्द्रनगरबाट प्रतिवादीहरुले सफाई पाउने गरी भएको फैसला सदर हुनुपर्छ भनी गर्नु भएको बहस समेत सुनियो।

५२. पुनरावेदक तथा प्रतिवादीहरुका तर्फबाट उपस्थित हुनु भएका विद्वान् कानून व्यवसायीहरुले गर्नु भएको बहस सुनी मिसिल अध्ययन गरी हेर्दा, प्रस्तुत मुद्दामा निम्न प्रश्नहरुमा विचार गरी निर्णय दिनुपर्ने देखिन आयो-

क) वादी नेपाल सरकारको अभियोग दाबी बमोजिम जबरजस्ती करणीको वारदात घटेको हो वा होइन?

ख) उक्त वारदात यी प्रतिवादीहरुले घटाएको हो वा होइन? यदि हो भने सामुहिक जबरजस्ती करणीको कसूर स्थापित हुन्छ वा हुँदैन?

ग) सुरु बैतडी जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको पुनरावेदन अदालत महेन्द्रनगरको फैसला मिलेको छ वा छैन?

५३. पहिलो प्रश्न तर्फ विचार गर्दा प्रतिवादीहरु सागर भट्ट र अमर राज अवस्थी उपर मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३ (४) नं. को कसूरमा सोही महलको ३(४) नं. बमोजिम सजाय हुन र सोही महलको ३(क) नं. बमोजिम सामुहिक बलात्कार बापतको सजायसमेत थप गरी ऐ. महलको १० नं. बमोजिम पीडित "घ" कुमारीलाई क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भन्ने अभियोग मागदावी भएकोमा शुरु बैतडी जिल्ला अदालतले जबरजस्ती करणीको कसूर ठहर गरी जबरजस्ती करणीको महलको ३(४) नं. बमोजिम प्रतिवादीहरु सागर भट्ट र अमर राज अवस्थीलाई जनही ८ वर्ष कैद हुने र निजहरुले पीडितलाई सामुहिकरुपमा जबरजस्ती करणी गरेको हुँदा ऐ. महलको ३(क) नं. बमोजिम प्रतिवादीहरुलाई जनही ५(पाँच) वर्ष थप

कैदको सजाय हुने साथै ऐ. महलको १० नं. बमोजिम प्रतिवादीहरुबाट जनही रु.५०,०००।- को दरले क्षतिपूर्ति भराई पाउने ठहर्‍याई भएको फैसला उल्टी भई प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने गरी भएको पुनरावेदन अदालत महेन्द्रनगरको फैसला बदर गरी अभियोग मागदाबी बमोजिम सजाय गरी पाउँ भनी वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पुनरावेदन परेको देखियो।

५४. सो सन्दर्भमा मुद्दासंग सम्बन्धीत मिसिल प्रमाण हेर्दा, मिति २०६८।१२।०९ गतेको दिउँसो १२:०० बजेको समयमा पाटन बजारमा गेसपेपर किन्न गएको अवस्थामा चाँदनी डिजिटल फोटो स्टुडियोका संचालक अमर राज अवस्थी र सागर भट्टले मलाई जिस्क्याउनका साथै केही समय पछि सोही फोटो स्टुडियोमा विभिन्न किसिमका औषधी सुईको प्रयोग गरी मलाई अचेत अवस्थामा पारी सामुहिकरुपले करणी गरेकाले निजहरुलाई कानूनी कारवाही गरी पाउँ भनी पीडित "घ" कुमारीले जिल्ला प्रहरी कार्यालय बैतडीमा जाहेरी दरखास्त दिएको देखिन्छ।

५५. प्रतिवादीहरू सागर भट्ट र अमर राज अवस्थी उपर मौकामा किटानी जाहेरी परेको र सो जाहेरीमा आरोप लागेका निज व्यक्तिहरुले नै आफूलाई जबरजस्ती करणी गरेको भनी अदालतमा समेत उपस्थित भई जाहेरवाली पीडित परिवर्तित नाम "घ" कुमारीले बकपत्र गरी दिएको पाईन्छ। पीडितको जाहेरी व्यहोरालाई समर्थन हुने गरी जिल्ला स्वास्थ्य कार्यालय बैतडीको मिति २०६८।१२।१० को पीडितको स्वास्थ्य परिक्षण प्रतिवेदनमा Bruise below left eye, on right arm in medial aspect 2 bruises of 1.5cm×1.5cm (पीडितको बाँया आँखा मुनी र पाखुरामा निलडाम), On P \ v Examination – whitish discharge was noted in and around the introitus. two fingers were easily inserted inside the vagina भन्ने समेत व्यहोरा उल्लेख भएको र केन्द्रीय विधी विज्ञान प्रयोगशालाको मिति २०६८।१२।२१ को च.नं.२९७२ को पत्र साथ प्राप्त प्रतिवेदनमा पीडित "घ" कुमारीले वारदातका समयमा लगाएका कपडाहरुको परीक्षण गर्दा human semen was detected on Exhibit no. 1 (मानव शुक्रकिट भेटिएको), Blood Group of Exhibit no.1 could not be confirmed (रक्त समूह निश्चित गर्न नसकिएको) र Exhibit nos. 4 and 5 were human hairs (रौंहरु भेटिएको) भनी लेखिएको पाईन्छ।

५६. यसरी पीडितले दिएको किटानी जाहेरी, वारदात भएको पुष्टि हुने गरि पीडित स्वयंले अदालतसमक्ष आई गरेको बकपत्र र पीडितको बायाँ आँखा मुनी र पाखुरामा निलडाम जस्ता संघर्षका चिन्हहरु (Signs of Struggle) हुनु तथा पीडितको कपडामा मानव विर्य भेटिनु र पीडितको स्वास्थ्य परिक्षण गर्दा योनीमा करणी भएको अवस्थाको विद्यमानता रहेको तथा घटनाको कारण S.L.C. परीक्षा दिन नसकेको र मानसिक तनावको कारण औषधी उपचार गर्न परेको अवस्था देखिँदा पीडित उपर जबरजस्ती करणीको वारदात भएको देखिन्छ।

५७. जहाँसम्म वारदात स्थल र समयलाई लिएर पीडितको जाहेरी र बकपत्रमा देखिएको भिन्नताको प्रश्न रहेको छ, सो सम्बन्धमा हेर्दा पीडितले जाहेरीमा फोटो स्टुडियोमा गेसपेपर किन्न जाँदा प्रतिवादीहरुले आफूमाथि जबरजस्ती करणी गरेका भनी उल्लेख गरेको देखिन्छ भने अदालतमा गरेको बकपत्रको स.ज ५ मा १०:३० बजे दिदी कमला विष्टको घरमा सुतिरहेको समयमा प्रतिवादीहरु सागर भट्ट र अमर राज अवस्थी आएर सिरानीले मुख च्यापी सुईले खुट्टामा र दाँया पाखुरामा घोची अनि दुवैजनाले के के गरे त्यो बेला थाहा भएन र राति ११:३०-१२:०० बजे तिर निन्द्रा खुलेपछि यी दुवै जना प्रतिवादीहरु बाहिर गई राखेका देखेको भनि यी प्रतिवादीहरुले जबरजस्ती करणी गरेका हुन् भनेको पाईन्छ। त्यसैगरी पीडितले गरेको बकपत्रको स.ज.८ मा "मेरो मानसिक स्थिती विक्षिप्त भए पश्चात मेरो होस आउन एक महिना समय लाग्यो र उपचार चार महिना सम्म गरें, अहिले ठिक छ, उपचार पाटन मानसिक अस्पतालमा भएको हो।" भन्नेसमेत उल्लेख गरेको अवस्थालाई यस अदालतले नजरअन्दाज गर्न मिल्दैन। निजको दिदी कमला विष्टले पीडितले अचानक घटना घटेको भनिएको दिनबाट असामान्य व्यवहार देखाउन थालेको भनी आफ्नो बकपत्रको स.ज. ५ मा गरेको भनाई बाट समेत पीडितले आफुमाथि यौनजन्य हिंसा जस्तो गम्भीर घटना घटी आफ्नो मानसिक अवस्था गुमाएको व्यहोरा समर्थित हुन आउँछ। मिसिल संलग्न कागजातबाट पीडितको भनाईमा घटना स्थलको हकमा केही फरक परेको देखिएको अवस्था भएतापनि पीडितको भनाईमा फरक पर्नु पछाडीको कारण निज माथि भएको जबरजस्ती करणीबाट पुग्न गएको आघात (trauma) को परिणाम हो भन्ने देखिन आउँछ। जबरजस्ती करणीमा पीडितको केही विरोधाभाषपूर्ण भनाई हुनु Rape Trauma Syndrome (RTS) को एक स्वरुप हो। **Modi's Medical Jurisprudence and Toxicology** मा "Mental derangement have been known to follow rape"[1] भनी उल्लेख गरिएको छ। Rape Trauma Syndrome (RTS) लाई **WHO Guidelines for Medico-legal Care for Victims of Sexual Violence** ले "The stress response pattern of a person who has experienced sexual violence. RTS may be manifested in somatic, cognitive, psychological and/or behavioural symptoms"[2] भनि परिभाषित गरेको छ। यसै सन्दर्भमा American Psychiatric Association द्वारा प्रकाशित **The Diagnostic and Statistical Manual of Mental Disorders,** मा जबरजस्ती करणी भए पश्चात पीडितमा देखिने ट्रमाका लक्षणहरु (Symptoms)

---

[1] Modi's Medical Jurisprudence and Toxicology, K. Mathiharan, Amrit K. Patnaik (eds), 23rd edition, Lexis Nexis, New Delhi, 2005, p.934

[2] World Health Organization, Guidelines for medico-legal care of victims of sexual violence, World Health Organization, 2003

बारे व्याख्या गरिएको छ जस्मा In avoiding reminders of the trauma, the victim may experience amnesia with respect to some aspect of the event.[3] भनि पीडितले जबरजस्ती करणी भएपछि सो घटनासँग सम्बन्धित केहि तथ्यहरु बिर्सन सक्दछ भनि उल्लेख गरेको पाईन्छ। त्यसैगरी ट्रमा विशेषज्ञ Dr. Lori Haskell ले Victims Department of Justice Canada मा प्रकाशन गरेको लेखमा यौन हिंसा जस्ता दर्दनाक घटनाहरू जीवनको दैनिक अनुभवहरू भन्दा भिन्नै तरिकाले अनुभूति गरिएको हुन्छ। परिणामस्वरूप हामी दिनहुँका घटनाहरू भन्दा भिन्न रुपमा चोटपटकका घटनाहरू सम्झन्छौं र वर्णन गर्छौं। भय, खतरा वा गहन तनावको प्रभावको नतिजाको रुपमा तीव्र पुनः स्मरण वा बिखण्डित वा बिग्रेको स्मृति हुन सक्छ भनी उल्लेख गरेको पाईन्छ। Traumatic events such as sexual assaults are encoded (converted) differently than more routine, everyday experiences in life... As a result, we recall and narrate traumatic events differently than routine events.The effect of fear, threat or states of intense stress on memory can result in intensified memory recollection, or it can result in fragmented or impaired memories.

५८. **जबरजस्ती करणी व्यक्तिको शरीर र आत्मसम्मान माथि समेत आघात लाग्ने जघन्य अपराध हो। सोच्दै नसोचेको अनपेक्षित तरिकाबाट एउटा महिलाको शरीर तथा आत्मसम्मान माथि आक्रमण हुँदा मानसिक विक्षिप्तताको अवस्थामा पुग्न सक्दछ। यस्तो अवस्थामा आफूमाथि भएको यौनिक हिंसाको घटना स्मरण गर्न र व्यक्त गर्न तत्काले कठिन हुन सक्ने वा विस्तारै याद हुने अवस्थाहरु हुन सक्दछ। यस्तो अवस्था भनेकै** Rape Trauma Syndrome (RTS) **को अवस्था हो। यस्ता अवस्थालाई न्यायकर्ताले गम्भीरता पूर्वक लिनु पर्दछ।** "जबरजस्ती करणी जस्तो गम्भिर अपराधमा अन्य मुद्दामा जस्तो अंक गणीतीय हिसाबबाट हेर्नु भन्दा पनि नारीको अस्मितामा गम्भीर आँच आउने विषय भएकोले अदालतले संवेदनशील रुपमा विचार गर्नु पर्दछ। [4]"भनी बमबहादुर कठायत विरुद्ध नेपाल सरकार भएको जबरजस्ती करणी मुद्दामा सर्वोच्च अदालतबाट सिद्धान्त समेत प्रतिपादन भएको छ।

५९. **जबरजस्ती करणी अपराधको प्रकृति अन्य अपराध भन्दा फरक हुन्छ। अन्य अपराधमा सत्यताको मूल्याङ्कनको लागि भनाईमा स्थीरता** (Consistency) **को विद्यमानता हुनुपर्छ भने जबरजस्ती करणीमा पीडितको भनाईमा पीडाको आघात** (Trauma) **को कारणले केही विरोधाभाष आउन सक्दछ।** जाहेरी व्यहोरा र पीडितको बकपत्रमा रहेको सामान्य भिन्नतालाई प्रमाणग्राह्य मान्नुपर्ने गरी वादी नेपाल सरकार विरुद्ध विपक्षी/प्रतिवादी राजेश केसी समेत भएको जबरजस्ती करणी

[3]American Psychiatric Association, Diagnostic and Statistical Manual of Mental Disorders, 5th Edition: DSM-5, 2013

[4]बमबहादुर कठायत विरुद्ध नेपाल सरकार ने.का.प. २०६२, अंक १०, निर्णय नं ७६११, पृ.१२५१

मुद्दामा यस अदालतबाट "अनुसन्धानको क्रममा दिएको जाहेरीमा र अदालतमा आई बकपत्र गर्दा जाहेरवालीको कथनमा केही झिना मसिना कुरा फरक परेको कुरालाई अस्वभाविक मान्न नसकिने"[5] भनी व्याख्या गरिएको छ। यसैगरी "जाहेरी र बकपत्रमा पाइने सामान्य भिन्नता (Minor Inconsistency) लाई प्रधानता दिंदै सवुदप्रमाणको गलत मूल्याङ्कन गरी प्रतिवादीलाई सफाई दिने ठहऱ्याएको सुरुको निर्णय सदर गर्ने गरेको पुनरावेदन अदालतको फैसला त्रुटीपूर्ण हुँदा उल्टी हुने"[6] भनी पुनरावेदक/वादी नेपाल सरकार विरुद्ध विपक्षी/प्रतिवादी दीपक तुलसी बाख्यो भएको जबरजस्ती करणी मुद्दामा सिद्धान्त प्रतिपादन भएको अवस्था छ। भारतको सर्वोच्च अदालतबाट भएको Mukesh.& Anr v. State for NCT of Delhi, 2017 **(Nirbhaya Rape Case)** को मुद्दामा "... It is not expected of a victim to disclose all the finer aspects of the incident in the FIR... More so the victim who suffers from an incident, obviously, is in a state of shock and it is only when we move in his/her comfort zone, he/she starts recollecting the events one by one and thus to stop the victim from elaborating the facts to describe the finer details, if left out earlier, would be too much."[7] भनेर अपराधको घटनाले पिडितलाई त्रासको अवस्थामा (state of shock) पुऱ्याउन सक्ने हुँदा उक्त घटनाको सम्बन्धमा पीडितलाई हरेक कुरा याद रहेको हुनु पर्ने अपेक्षा राख्न नमिल्ने भनेर उल्लेख गरिएको पाइन्छ। यसरी पीडितको जाहेरी व्यहोरा र बकपत्रमा भएको वारदात स्थल सम्बन्धी भिन्नतालाई नै आधार मानेर घटना नै नभएको भनी अर्थ गर्नु न्यायोचित देखिँदैन। पिडितमा sperm भेटिनु, रौं भेटिनु शरिरको विभिन्न भागमा निलडाम र चोट हुनु आदिबाट घटना घटेको भनि स्थापित भएको नै देखिन्छ। **जबरजस्ती करणीको वारदातमा घटना घट्यो कि घटेन भन्ने विषय बढि महत्वपूर्ण हुने र यस अदालतले पनि सोहि कुरा नै विचार गर्नुपर्ने देखिन्छ। जबरजस्ती करणी कसूरमा मुख्य वारदात स्थल नै पीडितको शरीर हो अर्थात "In cases of rape, the victim's body itself is the scene of crime"।** यसै सम्बन्धमा "जबरजस्ती करणीको वारदातको प्रमाणको पहिलो कडी भनेकै स्वयं पीडित हो भने अर्को कडी पीडितको शारीरिक परीक्षणलाई मान्नु पर्छ"[8] भनि पुनरावेदक/वादी नेपाल सरकार विरुद्ध विपक्षी/प्रतिवादी सरोज हिङमाङ समेत भएको जबरजस्ती करणी मुद्दामा यस अदालतबाट सिद्धान्त समेत प्रतिपादित भएको छ। माथि उल्लेख गरिएका

---

[5]वादी नेपाल सरकार विरुद्ध विपक्षी/प्रतिवादी राजेश केसी समेत, ने.का.प.२०६०, अंक ५, नि.नं. ७२१६,पृ.३७७

[6]नेपाल सरकार विरुद्ध विपक्षी/प्रतिवादी दीपक तुलसी बाख्यो, ने.का.प.२०६३, अंक १० नि.नं. ७७७२, पृ.१२९४

[7]*Mukesh & Anr v. State for Nct of Delhi* (2017) 6 SCC 1

[8]वादी नेपाल सरकार विरुद्ध विपक्षी/प्रतिवादी सरोज हिङमाङ समेत ने.का.प.२०६७, अंक९, नि.नं.८४६९, पृ १६१०

विभिन्न आधार कारणहरुबाट तथा मिसिल संलग्न किटानी जाहेरी दरखास्त, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन तथा आफू माथि जबरजस्ती करणी भएको भन्ने किटानी जाहेरी व्यहोरालाई समर्थन गर्ने गरी भएको पीडितको बकपत्र तथा स्वास्थ्य परिक्षण प्रतिवेदन समेतका आधारमा पीडित माथि जबरजस्ती करणीको वारदात घटेको देखिन आयो।

६०. अब दोश्रो प्रश्न तर्फ विचार गर्दा, प्रस्तुत मुद्दामा पीडितले आफ्नो जाहेरी र बकपत्रको स.ज. ५ र २३ मा समेत यी प्रतिवादीहरुको नाम स्पष्ट रुपमा खुलाई दिएको अवस्था छ। बलात्कार जस्तो लुकाएर छिपाएर एक्लै पारेर गरिने अपराधमा, सामान्यतया देख्ने व्यक्ति पीडित बाहेक अरु तेश्रो पक्ष उपस्थित रहँदैनन्। यसै सन्दर्भमा "जबरजस्ती करणीको कार्य लुकीछिपी गरिने आपराधिक कार्य भएकाले त्यसमा प्रत्यक्षदर्शी साक्षी हुन सक्दैन। यस्तो अपराधमा पीडित महिलाको भनाइलाई अन्यथा नभएसम्म सर्वमान्य प्रमाणको रूपमा लिनुपर्दछ। अन्य वस्तुगत प्रमाणले पीडितको भनाइलाई गलत साबित नगराएसम्म त्यसलाई स्वीकार गर्नुपर्ने"[९] भनी पुनरावेदक/प्रतिवादी दिपक रावल विरुद्ध विपक्षी/वादी नेपाल सरकार भएको जबरजस्ती करणी मुद्दामा यस अदालतबाट व्याख्या समेत भएको पाईन्छ।

६१. **कुनै पनि महिलाले आफ्नो अस्मिता र आफ्नो परिवारको इज्जतमा आँच आउने गरी र त्यसमा पनि एस.एल.सी. जस्तो जीवनको अहम क्षणमा आफ्नो परीक्षालाई बेवास्ता गरी विना कारण कुनै व्यक्ति उपर जबरजस्ती करणी जस्तो गम्भीर आरोप लगाई आफ्नो भविष्य माथि खेलवाड गर्ने कार्य गर्छिन् भनी अनुमान लगाउनु तर्कसंगत हुँदैन।** पीडितलाई घटना पछिको मानसिक विक्षिप्तताको कारणले एस.एल.सी.को बाँकी परीक्षा पनि दिन नसक्ने स्थितिमा पुर्‍याएको देखिन्छ। प्रमाण ऐन, २०३१ को दफा १०(१)(क) मा "पीडित व्यक्तिले व्यक्त गरेको कुरा अदालतले प्रत्यक्ष प्रमाणको रुपमा ग्रहण गर्नु पर्ने" कानुनी व्यवस्था रहेको हुँदा प्रस्तुत वारदातकी पीडितले व्यक्त गरेको कुरालाई प्रमाणमा लिनु पर्ने देखिन्छ।

६२. भारतमा Nirbhaya Rape Case पश्चात अपराध कानूनको संसोधन गर्न बनेको **Justice Verma Committee, 2013 को Reports of the Committee on the Amendments to Criminal Law** मा "It is well settled that the evidence of the victim of rape is on the same footing as the evidence of an injured complainant or witness. Her testimony alone is sufficient for conviction. In prosecutions of rape, the law does not require corroboration. It is only by way of abundant caution that the court may look for some corroboration so as to satisfy its conscience and rule out any false accusation."[10] भनी विश्लेषण गरिएको छ। तसर्थ जबरजस्ती

---

[९] पुनरावेदक/प्रतिवादी दिपक रावल विरुद्ध विपक्षी/वादी नेपाल सरकार, ने.का.प.२०७५ अंक ५ नि.नं. १०००७ पृ ८७४

[10] Reports of the Committee on the Amendments to Criminal Law: Justice Verma Committee, 2013, p.78.

करणीको कसुर स्थापित गर्न पीडितको भनाई नै पर्याप्त हुन्छ। "पीडितले अदालतमा समेत आई आफू उपर घटेको घटनाको सम्बन्धमा सविस्तार वर्णन गरी मौकामा दिएको जाहेरीलाई समर्थित हुने गरी बकपत्र गरिदिएको तथा पीडितको शरीरको विभिन्न भागहरूमा निलडामहरू रहेको भन्ने पीडितको तत्काल भएको शारीरिक परीक्षण प्रतिवेदनमा उल्लेख भएबाट करणी गर्ने कार्यमा पीडितको मन्जुरी नभएको पुष्टि हुन्छ ।जबरजस्ती करणीको वारदातको प्रमाणको पहिलो कडी भनेको स्वयम् पीडित हो भने अर्को कडी पीडितको शारीरिक परीक्षण हुने"[11] भनी पुनरावेदक/वादी पट्टु वि.क. (परिवर्तित नाम) को जाहेरीले नेपाल सरकार विरुद्ध विपक्षी/प्रतिवादी वासुदेव सावद भएको जबरजस्ती करणी मुद्दामा यस अदालतबाट व्याख्या समेत भएको अवस्थामा पीडित स्वयंले किटानीका साथ दिएको जाहेरी र मानसिक उपचारबाट स्वास्थ्यमा सुधार आए पश्चात अदालतमा आई गरेको बकपत्रबाट पनि प्रतिवादीहरु सागर भट्ट र अमर राज अवस्थीले नै पिडीत "घ" कुमारी माथि जबरजस्ती करणीको वारदात घटाएको पुष्टि हुन आउँछ।

६३. प्रतिवादीहरु सागर भट्ट र अमर राज अवस्थीले अदालत समक्ष आफूहरुले जबरजस्ती करणी नगरेको भनी ईन्कारी बयान गरेको भएता पनि पीडितको प्रतिवादीहरुसंग कुनै पूर्व रिसइबीको कारणबाट प्रतिवादीहरु उपर किटानी जाहेरी दिएको हो भनी भन्न सकेको देखिदैन। यी प्रतिवादीहरुलाई नै आरोप लगाउनु पर्ने पूर्व नियोजित कुनै कारण भएको समेत देखाउन नसकेको अवस्थामा पीडितको किटानी जाहेरी व्यहोरा एवं अदालतमा समेत आई गरेको बकपत्रलाई नजरअन्दाज गर्न मिल्ने देखिएन। प्रतिवादीहरुले अदालतमा बयान गर्दा कसुरमा इन्कार रही बयान गरेको भएपनि अदालत समक्षको बयानको सवाल जवाफ ४ मा वारदात मितिमा पीडित सँग भेट भएको कुरा स्वीकार गरेको र बुझीएका व्यक्ति चमन भण्डारीले प्रतिवादिहरुले आफ्नो पसल ७ बजे बन्द गर्ने गरेकोमा उक्त दिन ३ बजे नै पसल बन्द गरेको मिसिल संलग्न कागजातबाट देखिरहेको अवस्थामा प्रतिवादीहरुको इन्कारी बयानलाई मात्र आधार मानेर पीडितको बकपत्र तथा मिसिल संलग्न स्वास्थ्य परिक्षण प्रतिवेदन तथा पीडितको कपडामा मानव वीर्य भेटिएको तथ्यलाई अवमुल्यन गर्न मिल्ने देखिएन।

६४. जहाँसम्म केन्द्रीय विधि विज्ञान प्रयोगशालाको स्वास्थ्य परीक्षण प्रतिवेदनमा blood group of human semen could not be confirmed र रौंहरु भेटिएको तथा comparison of hairs could not be done because of lack of facilities भनी उल्लेख गरिएको आधारमा प्रतिवादीहरु निर्दोष भएको भन्ने प्रतिवादीहरुका तर्फबाट उपस्थित विद्वान कानून व्यवसायीको जिकिर रहेको छ।

[11] नेपाल सरकार विरुद्ध वासुदेव सावद ने.का.प.२०७४ अंक ९ नि.नं. ९८७९ पृ.१५७७

सो सम्बन्धमा विचार गर्दा रक्त समूह निश्चित गर्न नसक्नु वा भेटिएका रौंको तुलनात्मक गरी परिक्षण गर्न नसकेको आधारमा मात्र प्रतिवादीले सफाइ पाउने आधार बन्न सक्ने देखिदैन। जबरजस्ती करणी अपराधमा पीडितको भनाइ अन्य प्रमाणको तुलनामा महत्वपूर्ण हुने देखिएको र पीडितले यी प्रतिवादीहरुले नै जबरजस्ती करणी गरेको भनी किटानी साथ लेखाइरहेको अवस्थामा पीडितको कपडामा भेटिएको रौंको तुलनात्मक परिक्षण गर्न सकिएन भन्ने आधारमा मात्र सामुहिक बलात्कारमा प्रतिवादीहरुले शंकाको सुविधा पाउने र सोही आधारमा आरोपित कसुरबाट उन्मुक्ति पाउनुपर्ने जिकिर खम्बिर हुन सक्दैन। यसै सम्बन्धमा "करणी गरेको तथ्य शङ्कारहित तवरबाट पुष्टि नभएको भनी फौजदारी न्यायको शङ्काको सुविधा प्रतिवादीले पाउँछ भन्ने सिद्धान्तको गलत व्याख्या एवं प्रयोग गरी आरोपित कसुरबाट सफाई दिन नमिल्ने"[12] भनी नेपाल सरकार विरुद्ध वीरबहादुर टमाटा भएको जबरजस्ती करणी मुद्दामा सिद्धान्त प्रतिपादन भएको देखिन्छ। पीडितको कपडा परिक्षण गर्दा मानव विर्य भेटिएको भएपनि उक्त विर्य आफूहरुको नभएको भनि प्रतिवादीहरुले प्रतिवाद गरिरहेको सन्दर्भमा हेर्दा उक्त वारदातमा दुइजना प्रतिवादीहरु संलग्न भएको भनी पीडितले खुलाइरहेको तथा दुइजनाको विर्य नै कपडामा परी दुवैजनाको विर्य मिसिएको कारण कपडामा भेटिएको नमुना यी प्रतिवादीहरुको नमुनासँग तुलनात्मक भिड्न सक्ने सम्भावना नरहेको देखिन्छ। पीडितको कपडामा भेटीएको विर्यलाई छुट्टाछुट्टै रुपमा संकलन गर्न सक्ने सम्भावना नभएको र प्रस्तुत वारदात भएको जिल्लाको भौगोलिक विकटता तथा परिक्षण प्रयोगशाला लगायतका साधन स्रोतको अवस्थालाई समेत विचार गर्नु पर्ने देखिन्छ।

६५. अब प्रतिवादीहरले गरेको कसुर सामुहिक रुपमा गरिएको जबरजस्ती करणीको कसुर हो वा होईन भन्ने सम्बन्धमा बिचार गर्दा तत्कालीन मुलुकी ऐनको जबरजस्ती करणीको महलको ३क नंम्बरमा कतिजना भइ गरेको करणी सामुहिक रुपमा गरिएको जबरजस्ती करणी भएको मानिने भन्ने सम्बन्धमा संख्या खुलाइएको पाइदैन। केवल उक्त नम्बरमा 'महिलालाई सामुहिक रुपमा जबरजस्ती करणी गर्नेलाई थप पाँच बर्ष कैद गर्नुपर्दछ' भनी उल्लेख गरिएको पाइन्छ। विधायिकाले कानूनमा संख्या यकिन नगरेको सन्दर्भमा एकजना भन्दा बढि जति जना संलग्न भएर कसुर गरेको भएपनि उक्त कार्य सामुहिक रुपमा गरिएको मान्नुपर्ने हुन्छ। तसर्थ प्रतिवादीहरु सागर भट्ट र अमर राज अवस्थी दुईजना मिलि मत सल्लाहमा फसी पीडितलाई जबरजस्ती करणी गरेको देखिएकोले उक्त करणी सामुहिक रुपमा भएको पुष्टि हुन आउँछ। यसै सन्दर्भमा यसै अदालतबाट पुनरावेदक/प्रतिवादी दीपक चन्द विरुद्ध विपक्षी/वादी नेपाल

[12] नेपाल सरकार विरुद्ध वीर बहादुर टमाटा ने.का.प.२०६६ अंक ४ नि.नं ८१२७ पृ. ६३२

सरकार भएको जबरजस्ती करणी, जबरजस्ती चोरी मुद्दामा यस अदालतबाट "जबरजस्ती करणी गर्दाको बखत एकजना भन्दा बढीको सामूहिक संलग्नता रहेको तथ्य निर्विवाद रूपमा स्थापित भएको र करणी स्वेच्छिक नभई जबरजस्ती भएको पुष्टि भएको अवस्थामा प्रतिवादीहरूबाट भएको कार्य सामूहिक जबरजस्ती करणीको वारदातको रूपमा रहेको देखिन आउने"[13] भनी सिद्धान्त प्रतिपादन भएको अवस्था छ। उक्त नजिरहरुका व्यवस्थाले पनि सामुहिक जबरजस्ती करणी हुनको लागि संख्या यकिन नगरी समुहमा भएका व्यक्तिहरु मध्ये एक जना वा धेरैले करणी गरेमा पनि सामुहिक करणीको वारदात स्थापित हुने देखिन्छ ।

६६. यसरी पीडितको इच्छा विपरित करणी गर्ने उद्देश्यले एकजना भन्दा बढीको सामूहिक संलग्नता रहेको तथ्य निर्विवाद रूपमा स्थापित भएमा त्यस्तो करणीको वारदात सामूहिक जबरजस्ती करणीको वारदातको रुपमा परिणत हुन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीहरु दुवै जनाले करणी गर्ने उद्देश्य साथ पीडित माथि त्यस्तो वारदात घटाएको देखिँदा निज प्रतिवादीहरूबाट भएको कार्य सामूहिक जबरजस्ती करणी देखिन आयो। अतः माथि विवेचित आधार, प्रमाण र कारण समेतबाट सामुहिक जबरजस्ती करणीको अपराधको प्रकृति अपराधभन्दा भिन्न हुने हुँदा केवल पीडितको जाहेरी व्यहोरा र बकपत्र व्यहोरामा देखिएको भिन्नता तथा प्रतिवादीहरुको ईन्कारी बयानको आधारमा शुरु बैतडी जिल्ला अदालतको मिति २०६९।११।२२ को फैसला उल्टी गरी प्रतिवादीहरुलाई अभियोग दाबीबाट सफाई दिने गरी भएको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०७१।०१।१५ को फैसला त्रुटीपूर्ण देखिदा उल्टि भै प्रतिवादीहरु सागर भट्ट र अमर राज अवस्थीले अभियोग दावी बमोजिम पीडित "घ" कुमारीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं र ३ क नं बमोजिमको कसूर गरेको ठहर्छ भन्ने समेत व्यहोराको यस अदालतको मिति २०७६।०७।०७ मा भएको ठहर फैसला।

६७. प्रतिवादीहरुले मुलुकी ऐन,जबरजस्ती करणीको महलको १ नं. र ३ क नं. बमोजिमको कसूर अपराध गरेको ठहर भएको र प्रतिवादीहरु उपर ऐ. महलको ३ नं. बमोजिम सजाय तथा ३ क नं. बमोजिमको थप सजाय र १० नं. बमोजिमको क्षतिपूर्तिको मागदाबी रहेको देखिएकोले निजहरुको कसूरको गम्भीरता बढाउने र घटाउने अवस्थाहरु समेत विचार गरी फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ को दफा ८, ९ र १० समेतका आधारमा कानून बमोजिम सजाय निर्धारणका लागि प्रतिवादीहरु तथा महान्यायाधिवक्ताको कार्यालयलाई सूचना दिई मिति २०७६।८।२ मा सजाय निर्धारणका लागि नियमानुसार पेश गर्नु भन्ने यस अदालतको मिति २०७६।७।७ को आदेश।

---

[13] दीपक चन्द विरुद्ध नेपाल सरकार ने.का.प.२०७२ अंक ९ नि.नं ९४७७ पृ. १७०९

## सजाय निर्धारण

६८. मिति २०७६।०७।०७ मा प्रतिवादीहरुले अभियोग दाबी बमोजिम कसूर गरेको ठहर गरी आज प्रतिवादीहरुलाई के कति सजाय हुने भनी फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८, ९ र १० समेतका आधारमा सजाय निर्धारणको लागि पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित हुनु भएका विद्वान सह-न्यायाधिवक्ता श्री उद्धव पुडासैनीले सजाय गर्नु पूर्व सजायको उद्देश्य विचार गर्नु पर्ने हुन्छ। यस मुद्दामा सजाय गर्नुको उद्देश्य अन्तर्गत कसूरदार वा अन्य व्यक्तिलाई हतोत्साहित गर्ने, समाजलाई सुरक्षित गर्ने साथै पीडितलाई क्षतिपूर्ति सहितको न्याय प्रदान गरी कसूरदार समेतलाई पुनर्स्थापना गर्न सहयोग गर्ने सम्बन्धमा विचार गरी प्रतिवादीहरुलाई कानून बमोजिम सजायको दायराको मध्यविन्दुलाई आधारविन्दु (Basepoint) बनाई अधिकतम सजाय गरिनुपर्दछ। साथै क्षतिपूर्तिको हकमा प्रतिवादीहरु दुवैको आर्थिक अवस्था मध्यमवर्गीय भएकोले पीडित "घ" कुमारीलाई हालसम्मको पढाई खर्च र जीवनयापनको लागि सहज हुने गरी प्रतिवादीहरुले व्यहोर्न सक्नेसम्मको मनासिब क्षतिपूर्ति समेत दिलाई पाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

६९. प्रतिवादीहरुका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री रमण कुमार श्रेष्ठले प्रतिवादीहरुलाई दोषी ठहर गर्ने गरी अदालतले फैसला गरिसकेको भएपनि प्रतिवादीहरुलाई दोषी स्थापित गर्ने प्रमाणको पर्याप्तता कम रहेकोले कम सजाय गर्नुपर्ने हुन्छ। प्रतिवादीहरुलाई कैद सजाय गर्दा सजायको दायराको मध्यविन्दुलाई आधारविन्दु (Basepoint) बनाई निर्धारण नगरी न्यायाधीशको विवेकको आधारमा कमसेकम सजाय हुनुपर्दछ। प्रतिवादीहरुको आर्थिक अवस्था खुल्ने प्रमाण तथा अभियोगपत्रमा नैतिक पतन देखिने मागदाबी नभएको हुँदा त्यस्तो सजाय गर्न मिल्दैन। प्रतिवादीहरु सागर भट्ट र अमर राज अवस्थीको स्टेशनरी र फोटो स्टुडीयो रहेको तथ्य मिसिल संलग्न कागजातबाट देखिन्छ। प्रतिवादीहरुको नाममा कुनै सम्पत्ति अनुसन्धानको क्रममा नखुलेकोले निजहरुबाट क्षतिपूर्ति भराउनु पर्ने होईन। अमर राज अवस्थी विवाहित रहेको र निजको बालबच्चाहरु समेत रहेको हुँदा सोलाई मध्यनजर गरी न्यूनतम मात्राको सजाय हुनुपर्छ भनी गर्नुभएको बहस समेत सुनियो।

७०. सजाय निर्धारणको दिन प्रतिवादीहरुलाई समेत उपस्थितिको लागि सूचना पठाईएको भएतापनि निजहरु उपस्थित भएको देखिएन। सजाय निर्धारणको उद्देश्य कसूरदारलाई आफ्नो गल्तीको अनुभूत गराउने, वा घटनाको परिस्थिति, उनका सामाजिक, शारीरिक अवस्थाहरुको बारेमा आफ्नो भनाईहरु राख्ने, क्षतिपूर्तिका वा सुध्रिने विकल्पहरु प्रतिवादीहरु स्वयम बाट आओस् पनि भन्ने रहेकोमा सो तर्फ विचार गर्नुपर्ने अवस्था रहेन।

७१. पुनरावेदक बादी नेपाल सरकारका तथा प्रतिवादीहरुका तर्फबाट उपस्थित हुनु भएका विद्वान् कानून व्यवसायीहरुले गर्नु भएको बहस सुनी मिसिल संलग्न कागजात अध्ययन गरी हेर्दा, प्रस्तुत मुद्दामा प्रतिवादीहरुलाई के कति सजाय हुनु पर्ने हो र पीडितले के कति क्षतिपूर्ति पाउनु पर्ने हो भन्ने विषयमा विचार गर्नु पर्ने देखियो।

७२. यसमा अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २५ मा पीडित प्रभाव प्रतिवेदन पेश गर्न सकिने व्यवस्था रहेको भएतापनि सो कानूनी व्यवस्था यो वारदात घटि, अनुसन्धान, अभियोजन भए पश्चात मात्र लागु भएको देखिन्छ। यस परिप्रेक्ष्यमा त्यस्तो प्रतिवेदन प्राप्त गर्न सक्ने अवस्था नभएको हुँदा विद्यमान कानूनका आधार, दण्डका सिद्धान्त तथा मिसिल संलग्न कागजातका आधारमा नै सजाय निर्धारण गरिनु पर्ने देखियो।

७३. सजाय निर्धारण गर्दा अपराधको प्रकृति, अपराध गर्दाको परिस्थिती, कसूरदारको जिम्मेवारी, कसूरबाट पीडितलाई पुग्न गएको हानी लगायतका मिसिल संलग्न प्रमाण समेतको समुचित बिश्लेषण गरिनु पर्दछ। सजायले भविष्यमा अपराध गर्न सक्ने सम्भाव्य अपराधीहरुलाई दुरुत्साहित गरी वास्तविक अपराधीलाई थप अपराध गर्न बाट रोक्नुका साथै उसलाई सुधारेर कानूनको सम्मान गर्ने नागरिकमा रुपान्तरण गरी समाजको रक्षा गर्ने समेतको उद्धेश्य राखेको हुन्छ।"[13] अपराध समाजकै उपज भएको र अभियुक्त एवं पीडित पनि समाजकै सदस्य रहेकोले हरेक न्याय प्रणालीले अपराधको रोकथाम गरी समाजको रक्षा गर्नुका साथै पीडितलाई क्षतिपूर्ति सहितको न्याय तथा पीडकलाई समाजमा पुनर्स्थापना गर्ने उद्देश्य राख्नु उपयुक्त हुने देखिन्छ।

७४. कानून अनुसार अभियुक्तलाई सजाय गर्दा त्यस भित्र समग्र समाजको सुरक्षा तथा अभियुक्तले गरेको अपराधबाट पीडित तथा पीडितको परिवारलाई परेको सामाजिक र व्यक्तिगत प्रभाव समेतलाई मुल्याङ्कन गरिनु पर्दछ। त्यस्तै दोषीका असल वा खराब चरित्र उसको परिस्थिति समेत मध्यनजर गरिनु पर्दछ। मुलत: सजाय गर्दा कसूरको गम्भीरता र तोकिएको सजाय बीचको समानुपातिकता समेत हेरिनु पर्दछ। प्रस्तुत मुद्दामा एस.एल.सी. परीक्षा दिन आएकी र कम उमेर भएकी महिला माथि सामुहिकरुपमा गरिएको जबरजस्ती करणीलाई एक गम्भीर प्रकृतिको अपराध मानिनु पर्ने र त्यस्तो अपराधलाई हतोत्साहित गर्ने सन्देश दिने गरी तथा दोषीलाई सुधारको अवसर समेत प्रदान गर्ने गरी सजाय गरिनु उपयुक्त हुने देखिन्छ।

७५. कसूरदारलाई सजाय निर्धारण गर्दा सर्वप्रथम सजायको उद्देश्य विचार गर्नुपर्ने हुन्छ। महिला विरुद्ध हुने अपराधमा सजायको उद्देश्य त्यसमा संलग्न दोषीलाई सजाय गर्नु, महिला माथि हुने हिंसालाई हतोत्साहित गर्नु, महिलाको आत्मसम्मान र सामाजिक आत्मसम्मान मात्र नभई राज्यले

[13] P.J. Fitzgerald, *Salmond on Jurisprudence*, Sweet and Maxwell, London, 1985, p.94

महिलाहरुलाई डरबाट उन्मुक्त गरी सुरक्षाको सुनिश्चतता गर्नु पनि हो। सजाय निर्धारण गर्दा अदालतले विचारमा लिनु पर्ने कुरा र सो को उद्देश्य सम्बन्धमा विश्लेषण गर्दै भारतको Mukesh & Anr v. State for Nct of Delhi, 2017 **(Nirbhaya Rape Case)** को फैसलामा "Question of awarding sentence is a matter of discretion and has to be exercised on consideration of circumstances aggravating or mitigating in the individual cases. The courts are consistently faced with the situation where they are required to answer the new challenges and mould the sentence to meet those challenges. Protection of society and deterring the criminal is the avowed object of law. It is expected of the courts to operate the sentencing system as to impose such sentence which reflects the social conscience of the society. While determining sentence in heinous crimes, Judges ought to weigh its impact on the society and impose adequate sentence considering the collective conscience or society's cry for justice. While considering the imposition of appropriate punishment, courts should not only keep in view the rights of the criminal but also the rights of the victim and the society at large."[15] भनिएको पाइन्छ। त्यसैगरी भारतको सर्वोच्च अदालतले Mohfil Khan and Anr. v. State of Jharkhand, 2015 को मुद्दामा "Another significant development in the sentencing policy of India is the 'victim-centric' approach. ... It has been consistently held that the courts have a duty towards society and that the punishment should be corresponding to the crime and should act as a soothing balm to the suffering of the victim and their family"[16] भनी सजाय निर्धारणमा पीडित केन्द्रित न्यायको दृष्टिकोणलाई अवलम्बन गरेको पाइन्छ। प्रस्तुत मुद्दामा पनि सजाय निर्धारण गर्दा पिडित केन्द्रित न्यायको अवधारणालाई केन्द्र विन्दु बनाइएको छ।

७६. यस कसूरमा कसूरदारलाई हुने कैदको माथिल्लो र तल्लो हदको व्यवस्था सम्बन्धमा हेर्दा वारदात हुंदाका बखत प्रचलित मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं अनुसार पीडितको उमेरको आधारमा ५ वर्ष देखि ८ वर्षसम्म कैद सजाय हुने व्यवस्था रहेको देखिन्छ। विधायिकाले निर्धारण गरेको तल्लो र उपल्लो हद ननाघ्ने गरी कति सजाय गर्दा उचित हुन जान्छ भन्ने कुराको निर्धारण गर्नु पर्ने देखिन्छ। यसरी सजाय निर्धारण गर्दा उल्लेखित दायराको मध्यविन्दु यकिन गरि कसूरको गम्भीरता बढाउने (Aggravating Factors) वा घटाउने (Mitigating Factors) अवस्थाहरुलाई विश्लेषण गर्नु आवश्यक देखिन्छ। अपराधको गम्भीरता बढाउने तत्व अन्तर्गत सामान्यतया कसूरदारको अभिप्राय, अधिकारको दुरुपयोग, पीडितलाई पुगेको शारीरिक, मानसिक वा आर्थिक क्षतिको हद, पीडितको उमेर र अवस्था, कसूरदारको आपराधिक रेकर्ड, हतियारको प्रयोग, पटके कसूरदार (recidivism), कसूरदारको संख्या समेतका

[15] *Mukesh & Anr v. State for Nct of Delhi* (2017) 6 SCC 1

[16] *Mohfil Khan and Anr. v. State of Jharkhand* (2015) 1 SCC 67

आधार पर्दछ भने अपराधको गम्भीरता घटाउने तत्व अन्तर्गत अपराध गर्ने व्यक्तिको अपराध गर्नु पूर्वको चरित्र, निजले गरेको पश्चाताप, पक्राउ पछि देखाएको असल आचरण, पीडितलाई स्वैच्छिक रुपमा क्षतिपूर्ति प्रदान गरेको अवस्था, सम्बन्धित अधिकारी समक्ष गरेको आत्मसर्मपण तथा निजको उमेर, स्वास्थ्य र सामाजिक अवस्थाहरु पर्दछन्।

७७. प्रस्तुत मुद्दामा सजाय घटाउने वा बढाउने आधारहरुको विश्लेषण गर्दा प्रतिवादीहरुले गाउबाट शहरमा परिक्षा दिन आएकी एक विधार्थी (महिला) माथि गरेको कसुरका कारणले पीडितको मानसिक अवस्था विक्षिप्त भएको तथा एस्.एल्.सि. जस्तो अध्ययनको महत्वपूर्ण खुड्किलोमा केही अवधि अवरोध सम्म आउन गएको कारणले निजको वृत्ति विकासमा पर्न सक्ने क्षतिलाइ समेत विचार गर्नुपर्ने देखिन्छ। माथि गरिएको विश्लेषणका आधारमा निज प्रतिवादीहरुलाई तल्लो हदमात्र सजाँय गर्दा पीडितमाथि पर्न गएको क्षतिलाई कम आंकलन गर्न पुगेको देखिन्छ भने उपल्लो हदको सजाय गर्दा समेत अभियुक्तको उमेर, निजहरुको समाजमा पुनर्स्थापना गर्ने उद्देश्य माथि नै नकरात्मक असर गर्न सक्ने देखिदा प्रतिवादीहरुलाई तल्लो र उपल्लो हदको मध्यविन्दु अनुसार कैद सजाय गर्दा कानूनको मकसद पुरा हुने र प्रतिवादीहरुले कसूर अनुसारको सजाय समेत पाउने-नै देखिँदा निज प्रतिवादीहरु सागर भट्ट र अमर राज अवस्थी लाई जनही ६ वर्ष ६ महिना कैदको सजाय हुने ठहर्छ। साथै यी प्रतिवादीहरुले पीडित उपर सामुहिक रुपमा जबरजस्ती करणी गरेको देखिंदा सोही महलको ३ क नं. बमोजिम थप ५ वर्ष कैद सजाय समेत हुने ठहर्छ।

७८. अब पीडितलाई क्षतिपूर्ति के कति दिने, क्षतिको निर्धारणको आधार के हुने र क्षतिपूर्तिको दायित्व कसको हुने सम्बन्धमा विचार गर्दा यस सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी प्रावधान तथा आधारहरु पनि हेर्नु सान्दर्भिक देखिन्छ ।

७९. कुनैपनि न्याय प्रणालीको सफलता त्यसले पीडितलाई पुग्न गएको क्षतिलाई यथोचित सम्बोधन गरी निजको मनमा पर्न गएको त्रासलाई हटाइ न्यायको अनुभूति दिलाउनु, समाजलाई सुरक्षा तथा अभियुक्तलाई समाजमा पुनर्स्थापना गरी समाजमा शान्ति, सहअस्तित्व तथा मानवियता कायम गर्न सफल रहनुमा नै हुन्छ। साथै अपराध गर्ने व्यक्तिलाई कति सजाय निर्धारण गरियो भन्ने आधारमा नभई अपराधबाट पर्न गएको क्षति कति हदसम्म सम्बोधन गरियो भन्ने आधारमा सफलता नापिनु पर्ने हुन्छ। माथि विश्लेषण गरिए बमोजिम फौजदारी न्याय प्रणालीले सम्बोधन गर्नुपर्ने धेरै विषयहरुमध्ये एउटा महत्वपूर्ण विषय भनेको पीडितलाई क्षतिपूर्ती उपलब्ध गराउनु पनि हो। जबरजस्ती करणी जस्तो गम्भीर फौजदारी कसूरको सन्दर्भमा क्षतिपूर्तिको उपयोगिता भनेको पीडितलाई अपराध हुनु पूर्वको स्थिति अर्थात *restitutio in integrum* मा पुनर्स्थापना गर्ने र अपराधबाट परेको मानसिक र शारीरिक पीडाबाट उन्मुक्ति प्राप्त गराई सहज सामाजिक

जीवनलाई निरन्तरता दिन सहयोग गर्ने हो। पछिल्लो समय बनेका नेपालका कानूनहरुले पनि यस्तै मान्यतालाई आत्मसात गरेको देखिन्छ। उदाहरणको लागि नेपालको संविधानको धारा २१(२)ले अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनर्स्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुने भनी व्यवस्था गरिएको छ। त्यसैगरी नेपालको संविधानको धारा ३८(२) का अनुसार महिला विरुद्ध कुनै पनि आधारमा कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिएको खण्डमा पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक सुनिश्चित गरिएको छ। नेपालको संविधान, अन्तर्राष्ट्रिय कानून तथा नेपालका राष्ट्रिय कानूनहरुले न्यायको हकभित्र सामाजिक पुनर्स्थापना र क्षतिपूर्तिसहितको न्यायको व्यवस्था समेत गरेको देखिन्छ।

८०. क्षतिपूर्ति सहितको न्याय पाउने हकलाई कानूनले मान्यता दिइरहदा त्यस्तो क्षतिपूर्ती कसबाट भरीपाउने हो भन्ने सन्दर्भमा हेर्दा सामान्यता क्षतिपूर्ति पीडकबाट पीडितलाई उपलब्ध गराउनु पर्ने देखिन्छ। तर यदि पीडकको आर्थिक अवस्था एवं अन्य कारणबाट पीडितलाई तत्काल क्षतिपूर्ती उपलब्ध गराउन नसकिने भएमा राज्य त्यसबाट पन्छिन नमिल्ने देखिन्छ। हाले जारी भएका कानूनहरुले समेत यही मान्यतालाई आत्मसात गरेको देखिन्छ। उदाहरणको लागि फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४ को दफा ४१ मा क्षतिपूर्ति तत्काल बुझाउनु पर्ने र क्षतिपूर्ति नबुझाएमा त्यस्तो कसूरदारको सम्पति जायजात गरी पीडितलाई क्षतिपूर्ति भराई दिनु पर्नेछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ भने ऐ. ऐनको दफा ४८ मा कसूरबाट पीडितलाई राहत उपलब्ध गराउन पीडित राहत कोष खडा गरिनेछ भन्ने व्यवस्था रहेको पाईन्छ। मुलुकी अपराध संहिताको दफा २२८ अनुसार पीडित व्यक्तिलाई कसूरदारबाट मनासिब क्षतिपूर्ति भराई दिनुपर्ने व्यवस्था रहेको छ। तर कसूरदारको कुनै सम्पत्ति नभएको अवस्थामा पीडितले क्षतिपूर्ति नपाउने देखिएमा र प्रचलित कानून बमोजिमको पीडित राहत कोष स्थापना भइनसकेको अवस्थामा अदालतले नेपाल सरकारको महिला तथा बालबालिकाको विषय हेर्ने निकायको नाममा क्षतिपूर्ति स्वरुप उचित रकम पीडितलाई भराइदिने गरी आदेश गर्न सक्नेछ र त्यसरी आदेश भएमा सो कार्यालयबाट क्षतिपूर्ति बापतको रकम तत्काल पीडितलाई उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ।

८१. अपराध पीडित संरक्षण ऐन,२०७५ को दफा ३० (१)मा अदालतले मुद्दाको अन्तिम किनारा गर्दा कसूरदारबाट पीडितलाई मनासिब माफिकको रकम क्षतिपूर्ति स्वरुप भराइदिने गरी आदेश गर्न सक्नेछ भन्ने व्यवस्था भएकोमा ऐ. ऐनको उपदफा (४) मा यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसूरदारको कुनै सम्पति नभई पीडितले क्षतिपूर्ति नपाउने देखिएमा वा कसूर स्थापित भएको तर कसूरदार कायम हुन नसकेको अवस्थामा वा कसूरसंग सम्बन्धित

मुद्दा प्रचलित कानुन बमोजिम फिर्ता भएमा अदालतले कोषबाट क्षतिपूर्ति स्वरुप उचित रकम पीडितलाई भराईदिने गरी आदेश गर्न सक्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ।

८२. प्रस्तुत वारदात हुदाका बखत बहाल रहेको मुलुकी ऐन जबरजस्ती करणीको महलको १० नं. मा '*कसैले कुनै महिलालाई जबर्जस्ती करणी गरेको ठहरेमा अदालतले त्यस्ती महिलालाई भएको शारीरिक वा मानसिक क्षति विचार गरी मनासिब ठहराए बमोजिमको क्षतिपूर्ति कसुरदारबाट भराई दिनु पर्नेछ। त्यस्तो क्षतिपूर्ति निर्धारण गर्दा कसूरको गाम्भीर्यता, कसूरबाट पीडित व्यक्तिको मृत्यु भइसकेको रहेछ भने निजमा आश्रित नाबालक छोराछोरी भए निजहरूलाई पर्न गएको पीडासमेत विचार गरी निर्धारण गर्नु पर्नेछ* भन्ने व्यवस्था रहेको देखिन्छ। सो व्यवस्था बमोजिम नै पीडितलाई क्षतिपूर्ति भराइ पाउन मागदावी समेत रहेको देखिन्छ। उक्त कानूनी व्यवस्थाले क्षतिपूर्तिको अंक निर्धारण नगरी सो को निर्धारणको जिम्मा सम्बन्धित ईजलासलाई दिएको देखिन्छ। यसरी क्षतिपूर्ति निर्धारण गर्दा कसुरको गाम्भिर्यता, पीडितलाई परेको असर तथा पीडकको आर्थिक अवस्था समेतलाई मध्यनजर गरेर सन्तुलित हिसाबले मनासिब क्षतिपूर्ति निर्धारण गर्नुपर्ने देखिन्छ।

८३. क्षतिपूर्ति निर्धारणका सम्बन्धमा अन्तराष्ट्रिय मापदण्डहरु बारे विचार गर्दा, नेपालले अनुमोदन गरेका सन्धि, अन्य अन्तराष्ट्रिय तथा क्षेत्रिय कानूनलाई हेर्न आवश्यक देखिन्छ। **UN Convention on the Elimination of All forms of Discrimination against Women, 1979** अनुसार स्थापित **CEDAW** को **General Recommendation No. 35 on Gender-based Violence Against Women, 2017** को प्रकरण ४६ मा "Reparation should include different measures, such as monetary compensation and the provision of legal, social and health services including sexual, reproductive and mental health for a complete recovery, and satisfaction and guarantees of non-repetition…Such reparations should be adequate, promptly attributed, holistic and proportionate to the gravity of the harm suffered." भन्ने उल्लेख भएको पाईन्छ। त्यसैगरी सोही समितिको को **General Recommendation No. 33 on Women's Access to Justice, 2015** को प्रकरण १९ मा "On provision of remedies, the Committee recommends that State parties: (a) Provide and enforce appropriate, timely remedies for discrimination against women and ensure that women have access to all available judicial and non-judicial remedies; (b) Ensure that remedies are adequate, effective, promptly attributed, holistic and proportional to the gravity of the harm suffered. Remedies should include, as appropriate, restitution (reinstatement); compensation (whether provided in the form of money, goods or services); and rehabilitation (medical and psychological care and other social services)" भन्ने प्रावधान रहेको देखिन्छ।

८४. **UN Declaration of Basic Principles of Justice for Victims of Crime and Abuse of Power 1985** को प्रकरण १२ मा "When compensation is not fully available from the offender or other sources, States should endeavour to provide financial compensation to:

(a) Victims who have sustained significant bodily injury or impairment of physical or mental health as a result of serious crimes: (b) The family, in particular dependants of persons who have died or become physically or mentally incapacitated as a result of such victimization."भनी उल्लेख गरिएको छ। त्यसैगरी प्रकरण १३ मा "The establishment, strengthening and expansion of national funds for compensation to victims should be encouraged. Where appropriate, other funds may also be established for this purpose, including in those cases where the State of which the victim is a national is not in a position to compensate the victim for the harm."भन्ने उल्लेख भएको पाईन्छ ।

८५. यसरी माथि उल्लेख गरिएका क्षतिपूर्ति सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाको अध्ययन गरी विश्लेषण गर्दा निम्न दुईवटा विधिहरू अवलम्बन गरि क्षतिपूर्तिको रकम भुक्तानी गर्नुपर्ने देखियो:

१. अभियुक्तबाटै पीडितलाई क्षतिपूर्ति भराइने ।

२. सरकारी बजेट लगायत शुल्क जरिवाना जम्मा गरी स्थापना गरिएको कोषको रकमबाट पीडितलाई क्षतिपूर्ति भराइने।

८६. प्रस्तुत मुद्दामा पीडित स्वयंले अदालत समक्ष गरेको बकपत्रको स.ज.८ मा "मलाई मानसिक स्थीती बिक्षिप्त पश्चात एक महिना होस आउन लाग्यो र उपचार चार महिना सम्म गरे र अहिले ठिक छ। उपचार पाटन मानसिक अस्पतालमा भएको हो।" भनी उल्लेख गरेको अवस्था रहेको छ भने निजको दिदी कमला विष्टले "पीडितले असामान्य व्यवहार देखाउन थालेको "भनी आफ्नो बकपत्रको स.ज. ७ मा गरेको भनाईबाट समेत मानसिक आघात (Trauma) को कारण पीडितको मानसिक स्थिति गुमेको व्यहोरा समर्थन हुन आउँछ।

८७. वारदात पश्चात पीडितको अवस्था एवम् मिसिल संलग्न पीडितको शारीरिक मानसिक परिक्षण एवं उपचार गराएको अवस्था समेतलाई मध्यनजरमा राखी क्षतिपूर्ति निर्धारण गर्दा, पीडितको शारीरिक, मानसिक, भावनात्मक तथा आर्थिक अवस्थालाई विचार गर्नुपर्ने देखिन्छ। एस.एल.सी को परिक्षा जस्तो जीवनको अहम् क्षणमा जबरजस्ती करणी जस्तो गम्भीर अपराधको पीडित हुन गई पीडित "घ" कुमारीको पढाईमा समेत प्रतिकूल असर परेको कुरालाई अदालतले मध्यनजर गर्नुपर्ने हुन्छ। बहसको क्रममा विद्वान् सह-न्यायाधिवक्ताले निज पीडित "घ" कुमारी को आर्थिक अवस्था कमजोर रहेको र हाल पीडित "घ" कुमारीले कानूनको अध्ययनलाई निरन्तरता दिई रहको भनी उल्लेख गरेको अवस्था छ। त्यसैगरी प्रतिवादीहरुको आर्थिक अवस्थालाई हेर्दा, अनुसन्धान र अभियोग दर्ता गर्दा निजहरुको आर्थिक विवरण प्रष्ट पारिएको अवस्था नभएको र बयानमा प्रतिवादीहरु मध्ये सागर भट्टको स्टेस्नरी पसल र अमर राज अवस्थीको फोटो स्टुडियो रहेको भन्ने व्यहोरा बाहेक अन्य कुनै आर्थिक अवस्था खुलाउने आधार रहेको देखिएन। प्रभावकारी अनुसन्धान गरी पीडित तथा प्रतिवादीहरुको आर्थिक विवरण

संकलन गर्नुपर्ने दायित्व राज्यको हो। यद्यपी अनुसन्धानको क्रममा अभीलेखीकरण गर्न नसक्नु वा अनुसन्धानमा अकर्मण्यता हुनुको परिणाम स्वरुप क्षतिपूर्ति नपाउने स्थिति सिर्जना हुन दिनु हुँदैन। साथै राज्यको निष्क्रियतालाई कम क्षतिपूर्तिको आधार बन्न दिनु तर्कसंगत समेत हुँदैन।

८८. "अपराधबाट पीडितलाई भराइने क्षतिपूर्तिले पीडितलाई पीडित हुनुभन्दा पूर्वको अवस्थामा पुन्याउनु वा पुनर्स्थापना गर्न सक्नु पर्छ। तसर्थ अपराध पीडितलाई वास्तविक र प्रभावकारी क्षतिपूर्तिको लागि क्षतिपूर्तिसम्बन्धी कानून बनाएर मात्रै हुँदैन, सो कानून आफैंमा उपयुक्त र प्रभावकारी हुनुको साथै सोको प्रभावकारी एवम् यथार्थपरक कार्यान्वयनसमेत हुनु अपरिहार्य हुने"[17] भनी पुनरावेदक/प्रतिवादी लोकबहादुर कार्की समेत विरुद्ध विपक्षी/वादी नेपाल सरकार भएको मानव बेचविखन, बाल विवाह, जबरजस्ती करणी मुद्दामा सिद्धान्त प्रतिपादित भएको छ।

८९. पुनर्स्थापना र क्षतिपूर्ति सहितको न्यायको हक अपराध पीडितको नैसर्गीक हकको रुपमा स्वीकार्नु पर्ने हुन्छ । यस हकलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्नु अदालतको दायित्व हो र अदालतको आदेश बमोजिम पीडितलाई न्याय प्रदान गर्नु राज्यको कर्तव्य पनि हो। राज्यले अपराधबाट पीडितलाई परेको व्यापक प्रभावको पहिचान गर्ने दायित्वको निर्वाह गर्दा पीडितलाई Healing process अर्थात उपचारको प्रक्रिया को अनुभूति गराउन समेत मदत पुग्दछ। यसरी पिडितलाई न्याय प्रदान गर्ने सम्बन्धमा राज्यको अहंम भूमिका हुने भनी भारतको **Justice Verma Committee, 2013** को Report ले उल्लेख गरेको निम्न व्यवस्था मननीय देखिन्छ। यसमा भनिएको छ: "the victims can and ought to recover like any other victims from an accident, but that is possible only when there is a due discharge of the functions by the State."[18]

९०. कसुर स्थापित गर्ने कानूनी प्रणाली तथा कार्यविधिबाट अब पीडा तथा पीडाका असरहरु समेत स्थापित गर्न आवश्यक छ। यसै सम्बन्धमा **CEDAW** को **General Recommendation No. 35 on Gender-based Violence Against Women, 2017** को प्रकरण १७ मा"... in making the determination of when acts of gender-based violence against women amount to torture or cruel, inhuman or degrading treatment, a gender sensitive approach is required to understand the level of pain and suffering experienced by women and that the purpose and intent requirement of torture are satisfied when acts or omissions are gender specific or perpetrated against a person on the basis of sex."भनी महिला उपरको हिंसालाई बुझ्नको लागि लैंगिक संवेदनशीलतालाई आत्मसात गरी निर्णय गरिनुपर्ने कुरा उल्लेख गरिएको देखिन्छ।

[17] लोकबहादुर कार्की समेत विरुद्ध नेपाल सरकार ने.का.प. २०७२ अंक २ नि.नं. ९३४६ पृ.२६३

[18] Reports of the Committee on the Amendments to Criminal Law, Justice Verma Committee, 2013, p.103.

त्यसैगरि Justice Verma Committee, 2013 को Report ले "When a woman complains of rape, it is not the physical part of the woman which is directly the focus of attention. It is the offence and the offence against the bodily integrity of the woman as a person which is the offence in question"[19] भनिएको छ। जबरजस्ती करणी केवल महिलाको शरीर उपर मात्र नभइ, व्यक्तित्व माथि नै हुने अपराध हो। प्रस्तुत मुद्दामा पीडित एस्.एल्.सी. जस्तो भविष्य निर्माणको पहिलो खुड्किलोको रुपमा रहेको परिक्षामा सहभागी हुदाको अवस्थामा सामुहिक जबरजस्ती करणीबाट पीडित हुन पुगी एस्.एल्.सी. परीक्षा समेत दिन नपाई शैक्षिक उपलब्धी हासिल गर्न ढिला भई पीडितको भविष्य निर्माणमा समेत प्रतिकुल असर परेको देखिन्छ। यस स्थितिमा पीडितमाथी परेको पीडा मात्र नभई हिंसाको त्रास (shock) को कारणले निजको मानसिक स्वास्थ्यमा परेको आघात (mental trauma) को असरलाई समेत विचार गरी क्षतिपूर्ति निर्धारण गर्नु उपयुक्त देखिन्छ।

६१. अपराधबाट परेका यी प्रभावहरूले दीर्घकालीन रुपमा प्रतिकूल परिणामहरु निम्त्याई पीडितलाई व्यक्तित्व विकासका अवसरबाट बञ्चित गराउने सम्भावना हुन सक्दछ। त्यसमाथि सुदुरपश्चिमको परम्परागत समाजमा सामाजिक लान्छनाबाट भएको पीडा समेतलाई विचार गरी अब शैक्षिक, आर्थिक र सामाजिक सशक्तता सहित जीवन निर्माणमा समेत मद्दत होस् भनी यस इजलासले क्षतिपूर्ति निर्धारण गर्नु पर्ने देखिन्छ। अब कति क्षतिपूर्ति उचित (reasonable) हुने भन्दा पनि कति क्षतिपूर्ति पर्याप्त (adequate) हुने भन्ने अवधारणाबाट क्षतिपूर्ति निश्चित गर्नु पर्ने हुन्छ। **Convention against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment(CAT) 1984** को धारा १४ ले पनि "Each State Party shall ensure in its legal system that the victim of an act of torture obtains redress and has an enforceable right to fair and adequate compensation, including the means for as full rehabilitation as possible."भनिएको छ। तसर्थ अब क्षतिपूर्तिको निर्धारण गर्दा उचित (fair) क्षतिपूर्ति मात्र नभई तत्काल र पर्याप्त क्षतिपूर्तिको (prompt and adequate compensation) को सुनिश्चितता गर्नु पर्दछ। **UNCAT** को **General Comment No. 3** को Para 3 मा "The right to prompt, fair and adequate compensation for torture or ill-treatment under article 14 is multi-layered and compensation awarded to a victim should be sufficient to compensate for any economically assessable damage resulting from torture or ill-treatment, whether pecuniary or non-pecuniary." भनी पीडितलाई पुग्न गएको आर्थिक एवं गैर आर्थिक क्षतिको समेत आकलन गरी सबै प्रकारका क्षति व्यापन क्षतिपूर्ति प्रदान गर्नु पर्दछ भनि थप विस्तार गरिएको छ। क्षतिपूर्तिको सर्तमा कसूरदारले मात्र नभई राज्यले पनि क्षति पूरण गर्ने र

[19]Reports of the Committee on the Amendments to Criminal Law, Justice Verma Committee, 2013, p.98.

पीडितलाई सहयोग पुर्याउने कोष र स्रोतहरू जुटाउन संस्थागत संयन्त्र निर्माण र स्थापना गर्ने जिम्मेवारी लिनु पर्दछ। अनुसन्धान र अभियोजन पक्षले पिडितले भोगेको क्षति स्थापित गर्न असफल हुनुको कारण वा क्षतिपूर्ति प्रदान गर्न अपराधीको आर्थिक अवस्था पर्याप्त नहुनुको कारणले अन्यायको निरन्तरता हुनु सह्य हुँदैन। तसर्थ पीडितको उमेर, शिक्षा र जीविकोपार्जनको अवस्था हेरी निजलाई आत्मनिर्भर हुनका लागि सहज हुने गरी तथा प्रतिवादीहरुको आर्थिक अवस्था समेतलाई ध्यानमा राखी पीडितलाई प्रतिवादीहरुबाट जनही रु.२,५०,०००/-(दुई लाख पचास हजार) साथै नेपाल सरकार पीडित राहत कोष भए सो बाट र सो नभए नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट रु.५,००,०००/-(पाँच लाख) क्षतिपुर्ति भराई दिने ठहर्छ।

१२. विद्वान् सह-न्यायाधिवक्ताले सजाय निर्धारणको बहसको क्रममा नैतिक पतनको दाबी समेत लिएको सम्बन्धमा, यस अदालतमा सामुहिक रुपमा गरिएको जबरजस्ती करणीमा नैतिक पतनको अपराध मान्न सकिन्छ वा सकिदैंन भन्ने सम्बन्धमा विश्लेषण गर्नु पर्ने देखियो। नैतिक पतनको व्यवस्थाको अवलोकन गर्दा यस सम्बन्धमा भारतको सर्वोच्च अदालतले Baleshwar Singh v. District Magistrate and Collector AIR 1999 मा नैतिक पतनलाई "The expression "moral turpitude" is not defined anywhere. But it means anything done contrary to justice, honesty, modesty or good morals. It implies depravity and weakness of character or disposition of the person charged with the particular conduct. Every false statement made by a person may not be moral turpitude, but it would be so if it discloses vileness or depravity in the doing of any private and social duty which a person owes to his fellowmen or to the society in general. If therefore the individual charged with a certain conduct owes a duty, either to another individual or to the society in general, to act in a specific manner or not to so act and he still acts contrary to it and does so knowingly, his conduct must be held to be due to vileness and depravity. It will be contrary to accepted customary rule and duty between man and man."[20] भनी व्याख्या गरेको देखिन्छ। नैतिक पतनको सर्वमान्य कानूनी परिभाषा नभएतापनि न्याय, ईमान्दारीता, सभ्यता र नैतिकता विपरितको कार्यलाई नैतिक पतन देखिने कार्य भन्न सकिन्छ।

१३. संयुक्त राज्य अमेरिकाको सर्वोच्च अदालतले नैतिन पतन भनेको "Act of baseness, vileness, or deprivity in the private and social duties which a man owes to his fellow men, or to society in general, contrary to the accepted and customary rule of right and duty between man and man" भनि United States v. Smith[21] को मुद्दामा उल्लेख गरेको देखिन्छ।

[20] *Baleshwar Singh v. State of U.P.* AIR 1999 All. 84.

[21] *United States v. Smith*, (1970) 420 F.2d 428, 431

९४. नैतिक पतनको सम्बन्धमा नेपालको कानूनले समेत स्पष्ट व्यवस्था गरेको नपाइएको भएपनि सर्वोच्च अदालतले ज्योती लम्साल पौडेल विरुद्ध विपक्षी नेपाल सरकार प्रधान मन्त्री तथा मन्त्रि परिषदको कार्यालय समेत भएको उत्प्रेषणयुक्त परमादेश मुद्दामा "महिलालाई इच्छा विपरीत अनतिक्रम्य शरीरको पवित्रताको अपहरण गरी जबरजस्ती करणी गर्नु कानून विपरीत मात्र नभई गम्भीर अपराध पनि भएकाले सभ्य मानव समाजले यस्तो कार्यलाई नैतिकताविहीन कार्य मान्दछ। यस्तो नैतिकता विपरितको कार्यलाई नै नैतिक पतन देखिने फौजदारी अपराध मान्नुपर्ने"[२२] भनि व्याख्या समेत गरेको कुरा सान्दर्भिक देखिन्छ। यस मुद्दामा पनि एक महिला जो परीक्षाको लागि गेसपेपर किन्न गएकी थिइन् ,उनी माथि यी दुई प्रतिवादीले निजको मन्जुरी बेगर जबरजस्तीपूर्वक करणी गरेको कार्य कानूनको मात्र नभइ मानवीयता (humanity), व्यक्तिगत अस्मिता (human dignity) र सामाजिक नैतिकता (social morality) को समेत विपरित भएको भन्न मिल्ने अवस्था रहेको छ। यद्यपि वादी तर्फबाट अभियोगपत्रमा यस तर्फ कुनै पनि जिकिर र दाबी लिएको नदेखिंदा प्रस्तुत मुद्दाको सन्दर्भमा नैतिक पतनको सम्बन्धमा थप केहि बोली रहन पर्ने अवस्था रहेन।

९५. महिलाले वास्तविक न्याय तब प्राप्त गर्छन् जब विधायिकाद्वारा निर्मित कानूनहरुको प्रभवकारी कार्यान्वयन, कानूनले व्यवस्था गरेका संस्थागत संरचनाको स्थापना, कार्यविधिगत प्रक्रियाको सुनिश्चितता, महिलाको हक अधिकार प्रतिको संवेदनशीलता, महिला उपर हुने हिंसा विरुद्ध लड्न सबै स्तरमा यथोचित निगरानी (due diligence) तथा व्यापक मनोवृत्तिगत परिवर्तन सुनिश्चित गरेर, कारक तत्वलाई हतोत्साहित गर्दै आवश्यक रोकथामको उपायहरु हासिल गर्न सकिन्छ। प्रस्तुत मुद्दाका सन्दर्भमा सजाय निर्धारणको सुनुवाई गर्दा र क्षतिपूर्ति निर्धारण गर्दा, स्वच्छ सुनुवाई, पुनर्स्थापकिय न्यायको सुनिश्चिततामा देखिने जटिलता सम्बोधन गर्नका लागि प्रणालीगत एवं संस्थागत सुधार गर्नु भनि नेपाल सरकारका नाममा देहाय बमोजिम निर्देशनात्मक आदेश जारी हुने ठहर्छः

१. यस्ता प्रकृतिका मुद्दामा सजाय निर्धारण गर्न, प्रमाण प्राप्त गर्न र दण्डको सुधार नीतिलाई अवलम्बन गर्न तथा दोषीलाई सजायको गम्भीरता र सजायको समानुपातिकता यकिन गर्न फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १२ बमोजिम सजाय पूर्वको प्रतिवेदन प्रोबेशन अधिकृत (probation officer) वा प्यारोल अधिकृत (parole officer) ले तयार गर्ने भन्ने व्यवस्था रहेको तर ऐ. दफा ले परिकल्पना गरे बमोजिम

---

[२२] ज्योती लम्साल पौडेल विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रि परिषदको कार्यालय समेत, ने.का.प २०६७ अंक ११, नि.नं. ८५०७, पृ.१९०३

हालसम्म सो व्यवस्थालाई सक्रिय गरी कार्यान्वयन गर्न नसकेको भन्ने विद्वान् सह-न्यायाधिवक्ताले बहसको क्रममा समेत उल्लेख गर्नुभएको र सजाय निर्धारण गर्नसमेत अदालतलाई असहज भएको हुँदा ऐ. दफामा भएको व्यवस्था बमोजिमको संरचना र आवश्यक बजेट विनियोजन ३ महिना भित्र गर्नुभनि नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरी दिएको छ। सोको जानकारी नेपाल सरकारलाई लेखि पठाई दिनू। उक्त आदेश कार्यान्वयन भएपछि १५ दिन भित्र मातहतका अदालतले प्रोवेशन वा प्यारोल अधिकृतको नियुक्त गरि सक्नू।

२. वर्तमान कानुनले क्षतिपूर्ति सहितको न्यायको परिकल्पना गरेको र क्षतिपूर्ति भर्ने पहिलो कर्तव्य पीडकको हुने र पीडकले भर्न नसक्ने अवस्था भए मात्र राज्यबाट क्षतिपूर्ति भराइदिने अवस्था भएकाले अपराध अनुसन्धान तथा अभियोजनका क्रममा पीडितलाई पर्न गएको शारीरिक, मानसिक, सामाजिक र आर्थिक क्षतिको प्रमाण संकलन र विश्लेषण गर्नु गराउनु साथै अभियुक्तको चल अचल सम्पत्ति एवं आम्दानी सम्बन्धी विवरण समेत अनुसन्धानकै दौरानमा संकलन गरी मिसिल साथ राख्ने व्यवस्था मिलाउनु भनि महान्यायाधिवक्ताको कार्यालय मार्फत प्रहरी प्रधान कार्यालयलाई लेखी पठाउनू।

३. विशेष ऐनहरु तथा मुलुकी फौजदारी संहिता, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले पीडित राहत कोषको परिकल्पना गरेको तर आज कानून कार्यन्वयनमा आएको १ वर्ष व्यतित हुँदासम्म पनि पीडित राहत कोष स्थापना भएको जानकारी नभएको हुँदा तत्काल स्थापना गरी सो को जानकारी उपलब्ध गराउनु भनि नेपाल सरकार, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई लेखि पठाउनु।

४.कसूरदारहरुलाई आफूले गरेको गल्तीको अनुभूत गर्न लगाउने, उनीहरुको सुधार र समाजमा पुनर्स्थापना गर्नु महत्वपूर्ण विषय हो। सजाय अपराधलाई गरिएको हो। राज्य र कानूनको उद्देश्य त्यस्तो अपराधलाई रोकथाम गर्नु हो। अपराधमा संलग्न व्यक्तिहरु अपराधका प्रतिकात्मक रुप मात्र भएकाले निजहरुको सुधार र समाजमा पुनर्स्थापना राज्यको दण्ड नीतिको आधारभूत विषय भएको हुँदा यस्ता अपराधीहरुलाई कानूनको उद्देश्य पुरा हुने गरी कारागार, खुल्ला कारागार, सामुदायिक सेवा, पारिवारिक मिलन जस्ता बिषयमा मध्यनजर गर्दै फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले व्यवस्था गरेको सुधारात्मक दण्ड प्रणाली अवलम्बन गर्न आवश्यक कानूनी र संरचनात्मक व्यवस्था आदेश प्राप्त भएको मितिले एक वर्ष भित्र तयार गरिसक्नु र सो सम्बन्धमा भएका प्रगति प्रत्येक तीन-तीन महिनामा यस अदालतको अनुगमन तथा निरीक्षण महाशाखामा पठाउनु भनी नेपाल

सरकार, प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय एवम्, गृह मन्त्रालय को नाममा निर्देशनात्मक आदेश जारी गरी दिएको छ। अरुमा तपसील बमोजिम गर्नू।

## तपसील

१. माथि उल्लेख भए बमोजिम प्रतिवादीहरू सागर भट्ट र अमर राज अवस्थीलाई जनही ११ वर्ष ६ महिना कैद हुने गरी सजाय निर्धारण भएकोले र निज प्रतिवादीहर शुरु बैतडी जिल्ला अदालतको आदेशले थुनामा बसेको अवधि कट्टा गरी बाँकी कैदको लगत कसी असुल उपर गर्नु भनी शुरु बैतडी जिल्ला अदालतमा लेखी पठाउनू--------------------------------१

२. यसमा पीडितले नेपाल सरकारबाट क्षतिपूर्ति बापतको रकम तत्कालै पाउने ठहर भएकाले उक्त क्षतिपूर्तिको रकम रू.५,००,०००।- (पाँचलाख रूपैयाँ) नेपाल सरकारबाट पीडित "घ" कुमारीलाई तत्काल उपलब्ध गराउनू भनि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा लेखी पठाउनू--------------------------------------------------२

३. पीडित "घ" कुमारीलाई फैसला बमोजिम प्रतिवादीहरुबाट जनही रु.२,५०,०००।— (दुईलाख पचास हजार) क्षतिपूर्ति ६० दिन भित्र भराईदिनू भनि सुरु बैतडी जिल्ला अदालतमा लेखी पठाउनू-----------------------------------------------------------३

४. माथी ठहर खण्डमा उल्लेख भए बमोजिमका निर्देशनात्मक आदेशहरुको यथाशिघ्र कार्यान्वयन गर्नु भनी फैसलाको प्रतिलिपि सहित सम्बन्धित निकायमा पत्राचार गर्नु भनी फैसलाको प्रतिलिपि पनि साथै राखी महान्यायधिवक्ताको कार्यालयमा लेखि पठाउनु--------------------------------------------------------------४

५. यो फैसलामा उल्लेखित निर्देशनात्मक आदेशहरु कार्यान्वयन भए नभएको निरन्तर अनुगमन गर्नु भनी फैसला कार्यान्वयन निर्देशनालय र यसै अदालतको अनुगमन तथा निरीक्षण महाशाखामा फैसला सहित लेखी पठाउनु---------------------------------५

६. प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू ---------------------------------------------------६

न्यायाधीश

उक्त रायमा सहमत छु ।

न्यायाधीश

इजलास अधिकृत : धनसिहं गिरी, मतिना शाक्य, श्रेया संजेल
कम्प्युटर अपरेटरः चन्द्राबती तिमल्सेना
इति संवत् २०७६ साल मंसीर २ गते रोज २ शुभम्.................................................. ।